## अध्याय एक

# शोधपरिचय

### १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानिसका विचार अनुभव, अनुभूति सम्प्रेषणका निम्ति प्रयोग गरिने माध्यम हो । यसको मुख्य कार्य विचारहरूको आदानप्रदान तथा विचार विनिमय गर्नु हो । भाषाको माध्यमबाट नै विभिन्न विषयवस्तुको बारेमा थाहा पाउन सकिन्छ । मानिसलाई विचार विनिमयका माध्यमबाट विगतदेखि वर्तमानसम्म जोड्ने माध्यमका रूपमा भाषालाई लिइन्छ ।

भाषासम्बन्धी सैद्धान्तिक ज्ञान सामान्य भाषाविज्ञानले दिन्छ, जसमा भाषिक परिचय, भाषिक भेद विशेषताहरू, भाषिका, ध्वनि, वर्ण, वाक्य अर्थ जस्ता विषयहरू पर्छन् । भाषाको प्रयोग तथा व्यवहारमा केन्द्रित भई अध्ययन गर्ने विषय नै प्रायोगिक भाषाविज्ञान हो । यसमा विभिन्न क्षेत्रहरू रहेका छन्, जसमा सङ्कथन विश्लेषण, शैलीवैज्ञानिक अध्ययन, अनुवाद अध्ययन, समाजभाषिक अध्ययन विषयहरू रहेका छन् ।

गुरूप्रसाद मैनाली (वि.सं. १९५७-२०२८) ले 'नासो' (१९९२) कथाबाट आफ्नो कथायात्रा सुरु गरेका हुन् । 'नासो' कथासङ्ग्रहमा मैनालीका एघारवटा कथाहरू छन् । नेपाली कथालाई आधुनिकता प्रदान गर्नमा उनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । आदर्शोन्मुख यथार्थवाद उनको कथाकारिताको मुख्य वैशिष्ट्य हो । समाजका मानक र स्थापित मूल्यको झलक दिई सामाजिक संरचनाको उत्थानमा उनका कथाहरूले विशेष भूमिका निर्वाह गरेको पाइन्छ । समाजमा भएका घटनालाई कथाको विषयवस्तु बनाएर समाजलाई सभ्य र भव्य ढङ्गले सञ्चालन गर्नमा उनका कथाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

'नासो' कथामा सङ्गृहीत 'कर्तव्य' कथालाई प्रायोगिक भाषाविज्ञानका विविध आयामहरू शैलीवैज्ञानिक र समाजभाषिक अध्ययनका आधारमा अनुसन्धानात्मक कार्यहरू गरिएका छन् । प्रायोगिक भाषाविज्ञानको विविध आयामहरूमध्ये अनुवाद अध्ययन पनि प्रमुख क्षेत्र हो । अनुवाद एउटा भाषामा भएको विषयवस्तुलाई अर्को भाषा वा भाषिकामा रूपान्तर गरिने प्रक्रिया हो । अनुवादले द्विपक्षीय भाषिक सम्प्रेषणमा जोड दिने भएकाले यससँग

सम्बन्धित अध्ययन गर्नु आवश्यक देखिन्छ । कृतिहरूलाई एक भाषाबाट अर्को भाषामा रूपान्तरण गर्नु जरुरी देखिन्छ ।

भाषाले सम्प्रेषणमा जोड दिने हुनाले एउटै कृतिलाई विभिन्न भाषाभाषीमा रूपान्तरण गर्नु आवश्यक देखिन्छ । नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत बैतडी जिल्लाका विभिन्न क्षेत्रहरूमा बोलिने भाषा नै बैतडेली भाषा हो । यस क्षेत्रमा बोलिने भाषाको भाषिक व्यवस्था छुट्टै रहेको छ । बैतडेली भाषामा कृतिलाई अनुवाद गरी त्यस क्षेत्रका मानिसहरूमा मनोरञ्जन प्रदान गर्न, त्यहाँको सांस्कृतिक सामाजिक पक्षको बारेमा जानकारी राख्नुपर्ने भएकाले यस्ता अनुवादसम्बन्धी कार्यहरू गरिनु आवश्यक देखिन्छ । तसर्थ अनुवादसिद्धान्तका आधारमा कर्तव्य कथामा व्यक्त विचार, भाव, पक्षलाई बैतडेली भाषामा अनुवाद गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## १.२ समस्याकथन

'कर्तव्य' कथालाई प्रायोगिक भाषाविज्ञानका विभिन्न शाखाहरू शैलीवैज्ञानिक, सङ्कथन विश्लेषण, समाजभाषिक अध्ययनका आधारमा अध्ययन गर्न सकिन्छ । हालसम्म अनुवाद अध्ययनका आधारमा भने अध्ययन गरिएको छैन । अनुवाद अध्ययनका आधारमा उक्त कथालाई बैतडेली भाषामा अनुवाद गर्नु नै प्रस्तुत शोधकार्यको प्रमुख समस्या हो । उक्त समस्याको प्राज्ञिक समाधानका लागि निम्नलिखित शोधप्रश्नहरू निर्माण गरिएको छ :

(क) अनुवादसिद्धान्तका आधारमा कर्तव्य कथालाई बैतडेली भाषामा के कसरी अनुवाद गर्न सकिन्छ ?

(ख) अनूदित पाठ्यांशलाई मूल पाठका आधारमा के कसरी सम्पादन गर्न सकिन्छ ?

(ग) अनूदित पाठ्यांशमा केकस्ता शाव्दिक, अर्थगत र व्याकरणिक कोटिगत समस्याहरू देखापरेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत समस्या समाधानका लागि निम्नानुसार उद्देश्यहरू निर्धारण गरिएको छ :

(क) अनुवाद सिद्धान्तका आधारमा 'कर्तव्य' कथालाई बैतडेली भाषामा अनुवाद गर्नु,

(ख) अनूदित पाठ्यांशलाई मूल पाठका आधारमा अन्तिम सम्पादन गर्नु ।

(ग) उक्त पाठ्यांशको अनुवादमा देखिएका शाब्दिक, अर्थगत र व्याकरणिक कोटिगत समस्याहरूको विश्लेषण गर्नु ।

## १.४ अध्ययनको औचित्य/सान्दर्भिकता

प्रस्तुत शोधकार्यबाट कर्तव्य कथालाई त्यसको मर्मअनुरूप बैतडेली भाषामा बुझ्न त्यस समुदायका विद्यार्थीहरू, अभिभावक र अन्य सरोकारवालाहरूलाई आफ्नो भाषामा लेख्न र बुझेको आधारमा आफ्नै शैलीमा व्यक्त गर्न सहयोग पुऱ्याएको छ । स्थानीय पाठ्यपुस्तक निर्माता, स्थानीय पाठ्यक्रम निर्माता र शब्दकोश निर्माताहरूलाई पनि सहयोग गरेको छ । साथै यस अनुसन्धानले अनूदित कृतिका माध्यमबाट सम्बन्धित भाषाको बारेमा जानकारी दिनाका साथै त्यही कृतिलाई माध्यम बनाई विद्यार्थीहरूमा भाषिक सिप विकास गर्नमा समेत जानकारी दिएको छ । अनुवादसम्बन्धी अध्ययन अनुसन्धान नभएकाले भावी दिनमा अनुवाद सम्बन्धी अध्ययन गर्न चाहने शोधार्थीहरूलाई समेत यसले सघाउँछ । साथसाथै अनुवादसम्बन्धी सैद्धान्तिक र प्रायोगिक कुराहरूको बारेमा जानकारी दिन, कृतिलाई सबै सामाजिक परिवेशमा चिनाउन र कृतिलाई जीवन्त तुल्याउन सहयोग पुग्ने हुनाले यो अनुसन्धान औचित्यपूर्ण रहेको छ । पूर्वकार्यको अध्ययनबाट आजसम्म कर्तव्य कथाको बैतडेलीमा अनुवाद नभएकाले यो अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधपत्र निम्नलिखित सीमामा केन्द्रित रहेको छ :

(क) प्रस्तुत अध्ययन गुरूप्रसाद मैनालीद्वारा लिखित 'नासो' कथासङ्ग्रहमा सङ्गृहीत 'कर्तव्य' कथामा मात्र सीमित रहेको छ ।

(ख) नेपाली भाषामा रहेको 'कर्तव्य' कथालाई बैतडेली भाषामा अनुवादसँग सम्बन्धित रहेको छ ।

(ग) नेपाली भाषा र बैतडेली भाषाका तिन जना विज्ञहरूलाई अनूदित पाठलाई देखाएर अन्तिम सम्पादन गरिएको छ ।

(घ) बैतडेली भाषी २० जना व्यक्तिहरूलाई अनूदित सामग्री देखाएर रुजु गरिएको छ ।

## १.६ अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत शोधकार्य सम्पन्न गर्न विभिन्न पुस्तक, अध्ययन प्रतिवेदनहरू, कृतिहरू, लेख, रचना, जर्नल भाषिकागत शब्दकोशको प्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययनद्वारा शोधकार्य सम्पन्न गरिएको छ । साथै वर्णनात्मक एवम् व्याख्यात्मक अध्ययन विधिद्वारा विश्लेषण गरिएको छ ।

### १.६.१ सामग्री सङ्कलनका स्रोतहरू

प्रस्तुत शोधकार्यका लागि प्राथमिक र द्वितीय स्रोतलाई आधार बनाएर सामग्री सङ्कलन गरिएको छ ।

#### (क) प्राथमिक स्रोत

गुरूप्रसाद मैनालीद्वारा लिखित नासो कथा सङ्ग्रहमा सङ्गृहीत 'कर्तव्य' कथालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

#### (ख) द्वितीय स्रोत

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि अनुवादसम्बन्धी सैद्धान्तिक पुस्तक, शोधप्रतिवेदनहरू, लेख, जर्नल, पत्रपत्रिका, इमेल, इन्टरनेट, शब्दकोश आदिलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

### १.६.२ सामग्री विश्लेषण प्रक्रिया

'कर्तव्य' कथालाई बैतडेली भाषामा अनुवाद गरी वस्तुपरक ढङ्गले विश्लेषण गरिएको छ । सङ्कलित सामग्रीलाई विश्वसनीय र वैध बनाउनको लागि तथा सामग्री सत्यापनका लागि नेपाली भाषा र बैतडेली भाषाका शिक्षकहरूबाट रुजु गराई विश्लेषण गरिएको छ । साथै शोधकर्ता स्वयम् बैतडेली भाषी भएकाले आफैलाई सूचक मानेर सङ्कलित सामग्रीलाई व्याख्या एवम् विश्लेषण गरिएको छ । साथै कर्तव्य कथाको मूलभाव अनुरूप बैतडेली भाषामा अनुवाद गरी विश्लेषण गरिएको छ ।

अनूदित पाठलाई नेपाली भाषा र बैतडेली भाषाका सत्रजना वक्ताहरूलाई देखाएर रुजु गराएर उनीहरूले परीक्षण गरेको आधारमा व्याख्या विश्लेषण गरिएको छ । साथै अनूदित पाठलाई सम्पादनको निम्ति तिनजना विज्ञहरूलाई मूल आधार बनाएर उनीहरूले दिएको सुझाब सल्लाहअनुरूप परीक्षण गरेको सामग्रीहरूको आधारमा मुद्रण चिह्नको प्रयोग गरेर अन्तिम रूप दिई सम्पादन गरिएको छ । अनुवादका क्रममा देखिएका भाषिक तहका समस्याहरूको विश्लेषण गरिएको छ ।

## १.७ अध्ययनको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न अध्याय शीर्षक, उपशीर्षकमा विभाजन गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : कर्तव्य कथाको बैतडेली भाषामा अनुवाद

अध्याय चार : अनूदित पाठ्यांशलाई मूल पाठका आधारमा अन्तिम सम्पादन

अध्याय पाँच : अनुवाद गर्दाका समस्याहरूको विश्लेषण

अध्याय छ : सारांश, निष्कर्ष र उपयोगिता

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्री सूची, परिशिष्ट र व्यक्तिवृत्त रहेको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

अनुवादमा सम्बन्धित सैद्धान्तिक र प्रायोगिक कार्यहरू गरिएका छन् । सैद्धान्तिक अन्तर्गत विभिन्न पुस्तकहरूको अध्ययन गरिएको छ भने प्रायोगिक अन्तर्गत विभिन्न शोध प्रतिवेदनहरू रहेका छन् । यसलाई पुस्तक पुनरावलोकन र शोधकार्यको पुनरावलोकन गरेर दुई भागमा वर्गीकरण गरिएको छ :

### २.१.१ पुस्तक पुनरावलोकन

अधिकारी (२०६२) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान*मा अनुवाद सिद्धान्त शीर्षक राखी अनुवादको परिचय अनुवादको महत्त्व, अनुवादका प्रकारहरू अनुवादको आदर्शस्थिति कस्तो हुने भन्ने कुराको उल्लेख गरेका छन् । साथै अनुवादका प्रकारहरू, अनुवाद र भाषाशिक्षण बिचको सम्बन्धलाई  समेत उल्लेख गरिएको पाइन्छ । यसले प्रस्तुत शोधकार्यमा अनुवादले भाषाशिक्षणमा केकस्तो भूमिका खेल्छ, साथै अनुवाद गर्दा केकस्ता पक्षमा ध्यान दिनुपर्छ भन्ने कुराको सैद्धान्तिक जानकारी मिल्ने हुनाले यस पुस्तकको उल्लेख गर्न सान्दर्भिक देखिन्छ ।

लम्साल, गौतम र अधिकारी (२०६५) द्वारा *सामान्य र प्रायोगिक भाषाविज्ञान* पुस्तक प्रकाशित गरिएको छ । यस पुस्तकको एकाइ बाह्रमा अनुवाद अध्ययन शीर्षक राखेर अनुवादको परिचय, परिभाषा, अनुवादको प्रयोजन र आवश्यकता, अनुवादका प्रकार, अनुवाद प्रक्रिया उपशीर्षक राखेर विश्लेषण गरेका छन् । अनुवाद गर्दा देखिने समस्याहरू र शिक्षणका सन्दर्भमा अनुवादको महत्त्वबारे उल्लेख गरेका छन् । अनुवादसम्बन्धी थुप्रै जानकारी दिने भएकाले यस पुस्तकको अध्ययन गर्नै औचित्यपूर्ण देखिन्छ ।

भण्डारी, घिमिरे र नेपाल (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* पुस्तक प्रकाशित छ । यस पुस्तकको अध्याय पाँचमा अनुवाद अध्ययन भन्ने शीर्षक राखिएको छ । जसमा अनुवादको परिचय र परिभाषा, अनुवादका प्रक्रियाहरू, अनुवादसम्बन्धी विभिन्न विद्वान्हरूमा मान्यताहरू उल्लेख गरेका छन् । यस पुस्तकबाट अनुसन्धानकर्तालाई अनुवादसम्बन्धी सैद्धान्तिक कुराको जानकारी लिन सहयोग पुगेको छ । अनुवादका समस्या,

भाषाशिक्षण र अनुवाद बिचको सम्बन्ध, अनुवादले भाषाशिक्षणमा केकस्तो सहयोग पुऱ्याउँछ भन्ने कुराको जानकारी समेत प्रदान गर्ने भएकाले यस पुस्तकको उल्लेख गर्न औचित्यपूर्ण देखिन्छ ।

पौडेल (२०६९) द्वारा *प्रायोगिक भाषाविज्ञानका आयामहरू* पुस्तक प्रकाशित भएको छ । यस पुस्तकको पनि अध्याय पाँचमा अनुवाद अध्ययन शीर्षक राखी अनुवादको परिचय, अनुवादका गुणहरू, प्रकारहरू र प्रक्रियाहरू उल्लेख गर्नाका साथै अनुवाद र भाषाशिक्षण बिचको सम्बन्धबारे स्पष्ट पारेका छन् । यस अध्ययनले प्रस्तुत शोधकार्यमा अनुवादसम्बन्धी सैद्धान्तिक र भाषाशिक्षणमा यसको उपयोगितासम्बन्धी जानकारी प्राप्त गर्न सहयोग पुगेको छ ।

अधिकारी (२०७१) द्वारा *अनुवाद सिद्धान्त र प्रयोग* पुस्तक लेखिएको छ । उक्त पुस्तकले पनि अनुवादसम्बन्धी सैद्धान्तिक, ऐतिहासिक एवम् समसामयिक विश्लेषण गरिएको छ । अनुवादको परिभाषा, अनुवादको वर्गीकरण अन्तर्गत स्रोत पाठका आधारमा, अनुवाद विधिका आधारमा अनुवादकर्ताका आधारमा गरेका छन् । अनुवादका प्रचलित सिद्धान्तहरूको पनि उल्लेख गरेका छन् । यसबाट पनि अनुसन्धानकर्तालाई अनुवादसम्बन्धी सैद्धान्तिक ज्ञान, अनुवादका विधि तथा प्रक्रियाको बारेमा धारणा स्पष्ट गराउनमा सहयोग पुग्ने देखिन्छ । नेपाली बहुभाषिक भूमिमा अनुवादको स्थान र भूमिका नेपाली अनुवाद साहित्यको वर्तमान स्थितिको बारेमा स्पष्ट पारेका छन् । तसर्थ उक्त पूर्वकार्यको अध्ययनले प्रस्तुत शोधकार्यमा अनुवादसम्बन्धी विधि प्रक्रिया, सामग्री सङ्कलन गर्ने तरिकाहरूको बारेमा आवश्यक जानकारी प्राप्त गर्न समेत सहयोग पुगेको छ ।

भट्टराई (२०७२) द्वारा लिखित *अनुवाद अध्ययन परिचय* भन्ने शीर्षकको कृति प्रकाशित छ । यस कृतिले नेपालमा अनुवाद अध्ययनलाई संस्थागत रूपा विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस कृतिमा मूलतः अनुवाद अध्ययन, यसको महत्त्व, अनुवादका प्रचलित सिद्धान्तहरू, अनुवाद प्रक्रिया अनुवाद मूल्याङ्कन जस्ता सैद्धान्तिक कुराहरूको बारेमा चर्चा गरिएको छ । यसका साथै अनुवादकमा हुनुपर्ने गुणहरू, भाषाशिक्षणमा अनुवादको पुनरागमन, कार्यशाला अनुवाद अभ्यास विषयमा केन्द्रित रही तयार पारिएको छ । यसले अनुसन्धानकर्तालाई अनुवादसम्बन्धी सैद्धान्तिक कुराको बारेमा जानकारी दिने हुनाले यो पुस्तक निकै उपयोगी रहेको छ ।

बन्धु (२०७३) द्वारा *भाषाविज्ञान* नामक पुस्तक प्रकाशित छ । उक्त पुस्तकमा अनुवादको अर्थ र परिभाषा, अनुवादका प्रकार, अनुवाद सिद्धान्तका तिन मुख्य धारणा, अनुवादका समस्या, अनुवाद प्रक्रियाजस्ता कुराहरूको बारेमा उल्लेख गरेका छन् । उनले अनुवाद गर्दा सांस्कृतिक सन्दर्भलाई ध्यान राख्नु आवश्यक छ र अनुवाद भनेकै एउटा संस्कृतिका कथ्य विषयलाई अर्कामा रूपान्तरण गर्ने प्रक्रिया हो भनेका छन् । यसरी अनुसन्धान कार्यलाई यस पुस्तकले पनि सहयोग पुऱ्याएको छ। अनुवाद गर्दा केकस्ता पक्षमा ध्यान दिने अनुवादका क्रममा केकस्ता समस्याहरू आउँछन् भन्ने कुराको जानकारी मिल्ने हुनाले यसको अध्ययन गर्नु जरुरी देखिन्छ । यसरी अनुवादसम्बन्धी सैद्धान्तिक अवधारणा स्पष्ट पार्नका लागि प्रस्तुत पुस्तक उपयोगी देखिन्छ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

भट्ट (२०६१) द्वारा 'बैतडेली भाषिका : एक अध्ययन' शीर्षकमा शोधपत्र तयार गरिएको छ । उक्त शोधको उद्देश्य बैतडेली भाषाको परिचय दिनु, बैतडेली भाषिकाका कारक र विभक्तिहरूको प्रयोगात्मक स्वरूप पहिचान गर्न, स्तरीय नेपाली र बैतडेली भाषिकाका रूपायनमा तुलना गर्नु रहेको छ।

आचार्य (२०६९) द्वारा 'कल्याणी धर्ती उपन्यासको अनुवाद सिद्धान्तका आधारमा वाक्यगठन प्रक्रियाको अध्ययन' नामक शोधकार्य गरेका छन् । यस शोधकार्यको उद्देश्य 'कल्याणी धर्ती' उपन्यास अङ्ग्रेजीबाट नेपालीमा अनुवाद गर्दा प्रयोग गरिएको अनुवाद सिद्धान्त र अनुवाद मर्यादाक्रम पत्ता लगाउनु, अनुवाद गर्दा प्रयोग गरिने प्रायोगिक पक्ष पत्ता लगाउनु, अनुवाद गर्दा प्रयोग गरिने व्याकरणिक समस्याहरू र शैली पत्ता लगाउनु, यस्ता समस्या समाधानका लागि आवश्यक सुझाब दिनु रहेको छ । यसमा मूलतः पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ भने अन्य विषयका लागि पुस्तक, लेख, रचना शोधपत्रलाई समेत उपयोग गरिएको छ। यस शोधकार्यले अनुवाद गर्दा केकस्ता पक्षलाई ध्यान दिनुपर्छ। अनुवाद गर्दा कस्ता समस्याहरू आउँछन् भन्ने कुराको जानकारी दिने भएकाले यस शोधकार्यका लागि यसको अध्ययन गर्नु जरुरी रहेको छ।

भट्ट (२०७०) द्वारा 'बैतडेली भाषिका र नेपाली भाषाका वाक्यात्मक कोटिहरूको व्यतिरेकी अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य बैतडेली भाषिकाको विशेषता पहिल्याउनु, बैतडेली भाषिकाको परिचय दिनु, बैतडेली र नेपाली

भाषाका बिचमा रहेका समानता र भिन्नता छुट्याउनु रहेको छ । क्षेत्रीय र वर्णनात्मक ढाँचामा आधारित भई अध्ययन गरिएको छ । नेपाली भाषा र बैतडेली भाषाको व्याकरण व्यवस्थामा केकति समानता असमानता छ भन्ने कुराको जानकारी दिई अनुवादकलाई सहयोग पुऱ्याएको छ ।

न्यौपाने (२०७१) द्वारा 'नासो कथाको समाजभाषिक अध्ययन' शीर्षकमा अनुसन्धान गरिएको छ । उक्त शोधको उद्देश्य भाषाशैलीका आधारमा 'नासो' कथाको समाजभाषिक अध्ययन गर्नु, कथाका पात्रहरूलाई वर्गीय, लैङ्गिक, उमेर, जातीय र शैक्षिक अवस्थाका आधारमा वर्गीकरण गर्नु र 'नासो' कथाका पात्रहरूले प्रयोग गर्ने भाषाको वर्गगत, लिङ्गगत, उमेरगत, जातिगत र शैक्षिक अवस्थाका आधारमा भाषिक प्रयोगको स्थिति पत्ता लगाउनु रहेको छ । यस अध्ययनलाई पूरा गर्न पुस्तकालयीय अध्ययन विधि, वर्णनात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । लैङ्गिक आधारले भाषा फरक हुने, महिलाले प्रयोग गर्ने भाषा र पुरुषले प्रयोग गर्ने भाषामा विभेदीकरण रहेको कुरा उल्लेख गरिएको छ ।

ऐर (२०७२) द्वारा 'बैतडेली भाषिका र नेपाली भाषाको पदसङ्गतिको व्यतिरेकी अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यको उद्देश्य लिङ्ग, वचन, पुरुष र आदरका आधारमा बैतडेली भाषिका र नेपाली भाषामा पदसङ्गतिका आधारमा व्यतिरेकी पहिचान गर्नु, काल, पक्ष र भावका आधारमा बैतडेली भाषिका र नेपाली भाषामा पदसङ्गतिको व्यतिरेकी विश्लेषण गर्नु रहेको छ । बैतडेली भाषाको वाक्य संरचनाको स्वरूप कर्ता, कर्म र क्रिया रहेको, दुबै भाषामा लिङ्ग व्यवस्था पुलिङ्गी र स्त्रीलिङ्गी रहेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले कुनै पनि कृतिलाई बैतडेली भाषामा अनुवाद गर्दा वाक्यगठन कसरी मिलाउने, वाक्यको संरचना कस्तो हुन्छ भन्ने जानकारी प्रदान गरी अनुवादकलाई सहयोग पुगेको छ ।

घिमिरे (२०७२) द्वारा 'कर्तव्य कथाको समाजभाषिक अध्ययन' शीर्षकमा अनुसन्धान गरिएको छ । उक्त शोधको उद्देश्य कथाका पात्रहरूलाई वर्गगत, लिङ्गगत, शैक्षिक आधारमा वर्गीकरण गर्नु, भाषाशैलीका दृष्टिले 'कर्तव्य' कथाको समाजभाषिक अध्ययन गर्नु रहेको छ । यस अनुसन्धानलाई मूर्त रूप दिन पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । सामग्री सङ्कलनमा प्राथमिक स्रोतका रूपमा कर्तव्यलाई मूल स्रोतका रूपमा लिइएको छ

भने पाठ्यपुस्तक, वर्गीय विभेदका रूपमा सङ्कलित तथ्य एवम् सूचनालाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

जोशी (२०७३) द्वारा 'समर लभ उपन्यासमा भएका सांस्कृतिक शब्दहरू पहिचान र यसको अनुवादमा देखिएको दूरी' नामक शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्यको उद्देश्य समर लभ उपन्यासमा भएका सांस्कृतिक शब्दहरूको पहिचान गर्नु, नेपाली सांस्कृतिक शब्दलाई अङ्ग्रेजीमा अनुवाद गर्दा प्रयोग गरिने प्रविधिको पहिचान गर्नु र अनुवादको शैक्षणिक अनुवाद पहिचान गर्नु रहेको छ । यस अध्ययनलाई पूरा गर्नका लागि सर्वेक्षण विधिको प्रयोग गरिएको छ साथै द्वितीय स्रोतहरूबाट सामग्रीहरू सङ्कलन गरी अध्ययनलाई पूरा गरिएको छ । उक्त अध्ययनबाट अनुवाद गर्दा केकस्ता पक्षलाई ध्यान दिएर गर्नुपर्छ भन्ने कुराको जानकारी दिने भएकाले यसलाई अध्ययन गरिएको छ ।

## २.२ बैतडेली भाषाको परिचय

नेपाल बहुभाषिक, बहुधार्मिक, बहुजातीय विविधताले युक्त राष्ट्र हो । नेपालमा चारवटा भाषा परिवारका भाषाहरू बोलिन्छन् । भाषाका माध्यमबाटै नै मानवीय विचार, प्रस्तुति, भावनाहरूलाई आदानप्रदान गर्न सकिन्छ ।

संसारका सबैभन्दा बढी मानिसहरू भारोपेली परिवारका भाषाहरू बोल्छन् । नेपालमा पनि सबैभन्दा बढी वक्ताले यसै परिवारका भाषा बोलेको पाइन्छ । नेपालको राष्ट्र भाषाको रूपमा स्वीकृत नेपाली भाषा पनि यसै परिवारको भाषा हो ।

भारोपेली भाषापरिवारअन्तर्गत नेपाली, मैथिली, भोजपुरी, थारु, अवधी, दनुवारी आदि रहेका छन् । भारोपेली भाषापरिवारका वक्ताहरू संख्यात्मक रूपमा मात्र नभई भौगोलिक विविधताले पनि संसारभरि नै छरिएका छन् । यस परिवारका भाषामा सर्वाधिक साहित्य रचना भएको छ । संस्कृति ग्रीक र ल्याटिन भाषाका साहित्यहरू यसै परिवारका छन् । यिनै भाषाबाट विकसित सामग्रीलाई स्रोत बनाएर आधुनिक भाषामा पनि साहित्य सिर्जना गरिएका छन् ।

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चलका चार कैलाली, कञ्चनपुर, बैतडी, दार्चुला जिल्लामध्येको एउटा जिल्ला हो बैतडी । बैतडी जिल्लाका विभिन्न ठाउँहरू तल्लो सोराड, मल्लो सोराड, पाटन, चुहागढ, मेलौली, शिवनाथ, सर्माली, पञ्चेश्वरमा

बैतडेली भाषा बोलिन्छ । वि.सं. २०५८ को जनगणनाले बैतडी, दार्चुला, अछाम, डडेल्धुरा, दैलेख क्षेत्रमा बोलिने भाषालाई भाषिकाका रूपमा उल्लेख  गरिएको भए पनि वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुरूप उल्लिखित जिल्लामा भाषिकालाई भाषाका रूपमा मान्दै नेपालमा बोलिने भाषा सङ्ख्या १२३ रहेका पाइन्छन् ।

वि.सं. २०६८ को जनगणनाअनुरूप बैतडेली भाषा बोल्ने मानिसहरूको सङ्ख्या २,७२,५३४ र १.०२ प्रतिशत रहेको पाइन्छ (राष्ट्रिय जनगणना, २०६८) । बैतडेली भाषा स्तरीय नेपाली भाषाको कथ्य भेद भएकोले यो भाषालाई स्तरीय नेपाली भाषाको सन्निकट रहेको भाषा भनिन्छ । भाषाको स्वरूप प्रारम्भमा एउटै किसिमको हुने भए तापनि समयको परिवर्तनसँगै स्थानीय भेदमा पनि विविधता आई त्यसले व्यापकता पाउने गर्दछ । बैतडेली भाषिकाका रूपमा प्रचलित भएपनि २०६८ को जनगणनाले भाषाको मान्यता दिएपछि बैतडेली भाषिका नभई भाषाका रूपमा चित्रित गरिएको पाइन्छ ।

बैतडी जिल्लाका विभिन्न क्षेत्रमा एउटै भाषा (बैतडेली) बोल्ने मानिसहरूको बसोबास पाइए पनि यस भाषाका थुप्रै उपभेदहरू पाउन सकिन्छ । अब बैतडेली भाषामा उपभाषिका, उपभेदहरू खोज्न जरुरी देखिन्छ ।

बैतडेली भाषाका आफ्नै विभिन्न मौलिक शब्दहरू रहेका छन् । बैतडेली भाषाको व्याकरणिक लिङ्ग विधानमा निर्जीव वस्तुहरूका बिच पनि लिङ्ग भेद पाइन्छ । जस्तैः स्तरीय नेपालीमा ‘मेरो कुरा’ लाई बैतडेली भाषामा मेरी कुरणी मानिन्छ ।

अकरण बनाउन नाइ, जन जस्ता रूपहरूको प्रयोग गरिएको पाइन्छ । जस्तै : स्तरीय नेपाली भाषाको ‘जाँदैन’ लाई बैतडेली भाषाका ‘नाइजन्या छु’ त्यस्तै ‘नभन्नु’ जन भणै पक्षहरूमा यस्तो पाइनु बैतडेली भाषाको वैशिष्ट्य हो ।

सामाजिक, ऐतिहासिक, राजनैतिक, सांस्कृतिक एवम् भौगोलिक दृष्टिले छुट्टै पहिचान बोकेको यो जिल्ला भाषिक दृष्टिले पनि छुट्टै पहिचान बोकेको पाइन्छ । बैतडेली भाषाको प्रभाव दार्चुला, बझाङ, डोटी, डडेल्धुरा, महेन्द्रनगर लगायतका क्षेत्रहरूमा पनि रहेको पाइन्छ ।

बैतडेली भाषाका विशेषताहरूमा बहुवचन जनाउन ‘उन’ प्रत्यय जोडिनु, स्वमध्यगत अवस्थामा दुई व्यञ्जन दित्व पाइने, सकर्मक क्रियामा कर्तृवाच्यमा कर्मअनुसार क्रियाको विधान जस्ता विषयहरू यसअन्तर्गत पर्दछन् । बैतडेली भाषामा स्थानीय पत्रपत्रिका, रेडियो

कार्यक्रम, विभिन्न साहित्यिक कृतिहरू व्याकरणहरू र शब्दकोश जस्ता विषयहरूको पनि निर्माण भइरहेको पाइन्छ ।

## २.३ अनुवादको सैद्धान्तिक प्रारूप

अनुवादको सैद्धान्तिक प्रारूपअन्तर्गत अनुवादको परिचय, अनुवादको आवश्यकता, अनुवादको वर्गीकरण, अनुवादका प्रचलित सिद्धान्तहरू, गुणहरू शीर्षकको अध्ययन गरिएको छ ।

### २.३.१ अनुवादको परिचय

शाब्दिक दृष्टिले हेर्दा 'वाद' शब्दमा 'अनु' उपसर्ग लागेर निर्माण भएको अनुवाद शब्दको अर्थ पुनः कथन वा कसैले भनेपछि भन्नु भन्ने हुन्छ । अनुवादलाई अङ्ग्रेजीमा ट्रान्सलेसन शब्दको प्रयोग गरिन्छ । ट्रान्सलेसनको अवधारणा बुझाउन नेपालीमा अनुवाद, रूपान्तरण, अनुसिर्जना, भाषान्तरण उल्था आदि शब्दहरू प्रयोगमा रहेका छन् (अधिकारी, २०७१ : ३) । अनुवाद एउटा त्यस्तो विषय हो जसद्वारा वक्ताहरूमा दुई भाषाभाषिकाको बारेमा जानकारी पाउन सकिन्छ । अनुवादलाई विभिन्न शब्दहरूद्वारा चिनाउन सकिन्छ ।

अनुवाद एउटा भाषाबाट अर्को भाषामा पुनः कथनका रूपमा रहेकाले यस प्रक्रियामा दुई भाषाको ज्ञान हुनु जरुरी देखिन्छ । एक भाषाको विषयवस्तुलाई अर्को भाषामा रूपान्तरण गर्ने काम, उल्था गर्ने तथा भाषान्तरण गर्ने कामलाई अनुवाद भनिन्छ (नेपाली बृहत् शब्दकोश, ४२) । यसरी के भन्न सकिन्छ भने एक भाषामा रहेको विषयवस्तुलाई तथा कृतिलाई अर्को भाषामा लैजाने काम नै अनुवाद हो भन्न सकिन्छ । कुनै लेखक प्रस्तोताद्वारा एकपटक व्यक्त गरिएका तथा लेखिएका विचार तथा भावलाई पुनः अर्को पटक भन्नु नै अनुवाद हो ।

अनुवादले भाषा$^{1}$ मा अभिव्यक्त कुनै विषयवस्तुलाई भाषा$^{2}$ मा अभिव्यक्त गर्नुलाई बुझाउँछ (अधिकारी, २०६५ : १६४) । यसरी अनुवादमा एक भाषामा व्यक्त भएको विचार, भावलाई अर्को भाषामा रूपान्तरण गरिन्छ । यसमा पनि स्रोत भाषा र लक्ष्य भाषाबिचको प्रासङ्गिक कुराको रूपान्तरण गरिन्छ । एक भाषामा व्यक्त विचार एवम् भावलाई अर्को भाषामा जे जति उच्चतम् रूपमा रूपान्तरण गर्न सकियो त्यति नै अनुवाद सफल भएर लक्षित वर्गहरूको लागि सरल र सुबोध्य बन्न जान्छ ।

कुनै पनि साहित्यिक कृतिलाई एउटा भाषाबाट अर्को भाषामा अनुवाद गर्नु भनेको यी दुई अभिन्न पाटालाई तोडेर अलग्याई पुनः अर्को संरचना तयार पार्नु हो (भट्टराई : २०७२ : ८) । यसरी विच्छित रूपले अलग्गिएका ती भिन्न तत्वहरूलाई समूचित ढङ्गले सङ्गठित गर्नुपर्छ । कुनै पनि पाठलाई एउटा  भाषाबाट अर्को भाषामा लैजाँदा ती दुई भाषाबिच सन्तुलन कायम गर्नुपर्ने हुन्छ । यदि दुई भाषिक बिचको सन्तुलित पक्षलाई ध्यान दिइएन भने पाठकहरूमा अनूदित कृतिले दिन खोजेको भाव भत्कने सम्भावना हुन्छ ।

अनुवादको परिचय दिने सन्दर्भमा कृष्णस्वामी (१९९२) को भनाइलाई उद्धृत गर्दै अधिकारी (२०६५ : १६५) ले अनुवाद वास्तवमा स्थानान्तरण वा रूपान्तरण मात्र नभई मूल रचनाको आर्थी सांवेगिक र सौन्दर्यात्मक समग्रतालाई अर्को माध्यममा प्रस्तुत गर्नु हो । अनुवादलाई एक रूपान्तरणका विषयमा मात्र सीमित नराखेर त्यसको मूल भावसंरचना र त्यसमा रहेको बौद्धिकतालाई पनि अर्को रूपमा पस्कनु हो ।

अनुवाद भनेको दुई वा दुईभन्दा बढी पाठकहरूका बिचमा हुने एक प्रकारको सम्बन्ध हो र यी पाठले समान स्थितिमा समान प्रकार्य उत्पन्न गर्दछ (बन्धु, २०७३ : ३५४) । यसअनुसार के भन्न सकिन्छ भने अनुवाद दुई भाषा भाषी बिच रहेको सम्बन्धात्मक स्थिति हो, जसले यो सम्बन्धलाई समान कार्यका रूपमा स्थापित गरेर पाठकलाई एकै नासको अवस्थामा पुऱ्याउन सकोस् ।

अनुवादलाई  स्रोतभाषाका मूल रचनाको पुनः सृजनका रूपमा पनि लिन सकिन्छ । यसबाट अनुवाद एउटा भाषामा भएको रचनाको विषय अर्को भाषामा रूपान्तरण तथा व्याख्यानमा मात्र सीमित राख्नु हुँदैन । मूल रचनाहरूका विचार अनुभूतिप्रति सम्वेदनशील भई सोहीअनुसारको अभिव्यक्ति लक्ष्य भाषामा प्रतिविम्बित हुनु अथवा गर्न आवश्यक हुन्छ । दुई भाषाकै विभिन्न तह एवम् एकाइका बिच समानान्तर पक्षको खोजी गर्ने, चयन गर्ने र संयोजन गर्ने कुरामा विशेष ध्यान दिनु जरुरी देखिन्छ । वास्तवमा अनुवाद एक भाषाको विषय अर्को भाषामा भाषान्तरण मात्र नभई सम्बन्धित विषयको सन्दर्भ, अर्थ तथा शैलीलाई त्यसको मर्मअनुरूप व्याख्या विश्लेषण गर्नु हो ।

समय वा स्थानले अलग्गिएका दुई भिन्न भाषिक समुदाय, उनीहरूका भिन्न संस्कृति र सभ्यताका बिच रहेर मध्यस्थताको काम गर्दछ (भट्टराई, २०७२ : ५) । त्यसैले कुनै पनि

पाठलाई एउटा भाषाबाट अर्को भाषामा लैजाँदा ती दुई भाषाबिच सन्तुलन कायम गर्नु अतिआवश्यक हुन्छ ।

अनुवाद विज्ञान र कला दुबै हो । कुनै स्रोत भाषालाई लक्ष्य भाषामा रूपान्तरण गर्नको गर्नका लागि निश्चित विधिको अनुसरण गरिने भएकाले यो विज्ञान हो भने अनुवादका लागि निश्चित सिपको आवश्यकता पर्ने भएकाले यो कला पनि हो (गौतम, २०७० : ५२) । यसरी के भन्न सकिन्छ भने अनुवाद कला हो जसरी कलाकारले विभिन्न प्रकारका मूर्तिहरू निश्चित आकारमा ढालेर बनाउँछ । त्यसरी नै अनुवादकले पनि सम्बन्धित विषय तथा कृतिलाई भाषाको शैली तथा भाषिक व्यवस्थामा परिणत गरी कृतिलाई चिनाउन र जीवन्त राख्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### २.३.२ अनुवादको महत्त्व तथा आवश्यकता

अनुवादले ज्ञानार्जनका लागि सम्बन्धित क्षेत्रको भाषिक जानकारी गराउनुका साथै त्यस क्षेत्रको भेषभूषा, रहनसहन, संस्कृति, सामाजिक विचारहरू आदानप्रदान गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । विश्वजगत्मा भएका सूचनालाई साटासाट गरी मानिसहरूलाई सम्बन्धित क्षेत्रको बारेमा आवश्यक जानकारी दिनु अनुवादको प्रयोजन बन्न जान्छ । यसले मानिसहरूले आर्जन गरेका ज्ञान अनुभव अध्ययन अनुसन्धान एवम् मानिसहरूले आर्जन गरेका ज्ञान अनुभव अध्ययन अनुसन्धान एवम् सूचनालाई परस्परमा आदानप्रदान गर्न सघाउँ पुऱ्याउँछ । विभिन्न भाषामा रचिएका कृतिलाई अनुवाद गर्ने क्षमताको विकास गराउनाका साथै समाज, संस्कृति सभ्यताको विभिन्न भाषाभाषी बिचमा सम्प्रेषण गर्नमा सहयोग पुऱ्याएको हुन्छ ।

मानिस समयको गर्भमा पुरिएका वा स्थान विशेषले आफ्नो पहुँचभन्दा टाढा रहेका हरेक रहस्यको उद्घाटन  गर्न चाहन्छ । हरेक मानिसमा ज्ञान प्राप्तिको अनन्त इच्छा रहेको हुन्छ, त्यसैले ऊ ज्ञानको अनन्त खोजमा तल्लिन रहन्छ (भट्टराई, २०७२ : २१) । यसबाट के बुझिन्छ भने मानिसले हरेक कुराको बारेमा जानकारी राख्नका लागि ऊ हरपल लागिरहन्छ र आफूभन्दा टाढा रहेका विषयवस्तुलाई अनुवादका माध्यमबाटै आफ्ना विचार, इच्छा आकाङ्क्षाहरू व्यक्त गर्न चाहन्छ । अनुवादले विभिन्न क्षेत्रमा गरेका ज्ञान, अनुभव, अध्ययन अनुसन्धन एवम् सिर्जनाहरूलाई परस्परमा आदानप्रदान गर्न भलाकुसारी गर्न कृतिहरूलाई जीवन्त बनाई राख्नमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

अनुवादले शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउने कुरा त छँदै छ, त्यसमा पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा हुने द्विपक्षीय वा बहुपक्षीय गतिविधि, भेटवार्ता सन्धि सम्झौता, विचार विनिमय आदिमा महत्त्वपूर्ण कार्य गर्ने हुनाले यसको प्रयोजनीय पक्ष अझ टड्कारो बन्दै आएको छ ।

संस्कृति तथा सभ्यतालाई विश्वभर फैलाउने एक मात्र कडी अनुवाद अध्ययन नै हो (लामिछाने, २०७० : ७२) । तसर्थ अनुवादले एक भाषामा भएका रहनसहन चालचलन सांस्कृतिक पक्षहरूलाई बुझ्न तिनीहरूलाई जीवित राख्नमा सहयोग पुऱ्याएको हुन्छ ।

अनुवादद्वारा नै रोमनहरूले ग्रीक संस्कृतिमा आफूलाई स्थापित गरे । अरबी, ग्रीक र संस्कृतमा निहित ज्ञान अनुवादका माध्यमले नै संसारभरि फैलियो (अधिकारी, २०६५ : १६६) । यसरी विश्वका कुनामा भएका घटना गतिविधिहरूलाई गोष्ठी, सभा, सम्मेलन तथा सम्पर्कका माध्यमबाट बहुभाषिक राष्ट्रहरूमा पुऱ्याउन र एक भाषाबाट अर्को भाषिक समुदायमा पुऱ्याउन र एक भाषाबाट अर्को भाषिक समुदायमा पुऱ्याउन अनुवादले सुगम बनाएको पाइन्छ ।

अनुवादक नभएको भए विदेशी पाठक अमेरिकन, क्यानेडियन, ब्रिटिस आइरिस तथा अष्ट्रियाली लेखनको बारेमा अनभिज्ञ हुने थियौ भने अमेरिका तथा अन्य अङ्ग्रेजी भाषी पाठकहरू अन्यभाषाका समकालीन लेखनका कृतिहरू पढ्न सक्ने थिएनौ । जस्तै सेक्सपियर, कलरिज फोकनर वडस्वर्थको उपस्थितिको कल्पनासमेत गर्न सकिने थिएन (भट्टराई, २०७२ : १४) । यसअनुसार के भन्न सकिन्छ भने अनुवादको माध्यमबाट नै आज हामीले विश्वका हरेक कृति तथा कविहरूलाई चिन्न पाएका छौं । अनुवादको सबैभन्दा महत्त्वपूर्ण योगदान मानिसहरूलाई साहित्यका विधि पक्षका बारेमा ज्ञान प्रदान गर्न र यसले कालान्तरमा उसमा सांस्कृतिक, सम्पर्कप्रतिको मोह, भ्रातृत्व, शान्ति तथा सद्भाव मानवीय भावनाको विकास गर्नमा समेत विशेष भूमिका पाइन्छ ।

अनुवादको महत्त्वको सन्दर्भमा गेन्जलरको भनाइलाई उद्घृत गर्दै भट्टराई (२०७२ : १६) भन्छन्, “जब संसार बोटमा चाउरिएको सुन्तलाझै खुम्चिन्छ र भिन्न संस्कृतिका मानिसहरू अनिच्छा र आकाङ्क्षाले छोप्ताछोप्तै पनि एक अर्कोसँग नजिकिन बाध्य हुन्छन् तब आउँदा दिनमा ‘अनुवाद गर या मर’ नै हाम्रा लागि आदर्शपूर्ण वाक्य भएको छ ।” यसरी अनुवाद आउँदा दिनहरूमा निकै उपयोगी हुने कुराको पुष्टि उपर्युक्त भनाइले प्रस्ट्याएको

छ । विश्वजगत्का मानिसहरूमा आपसी समझदारी तथा विश्वबन्धुत्वको भावना प्रवर्द्धन गर्ने हुनाले यिनीहरूका बिचमा गतिशीलता प्रदान गर्ने हुनाले अनुवाद महत्त्वपूर्ण विषय बन्न जान्छ ।

समग्रमा भट्टराई (२०७१ : १६) र अधिकारी (२०६५ : १६६) का अनुसार अनुवादको महत्त्व तथा आवश्यकतालाई निम्नानुसारका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :

१. विश्वसञ्चारलाई अधिकाधिक सुगम र प्रभावकारी बनाउन,
२. विश्वमा भएका अध्ययन अनुसन्धान तथा सिर्जनाहरूलाई परस्परमा आदानप्रदान गर्न,
३. मानवीय मूल्यलाई सबल बनाउन
४. विश्वबन्धुत्वको भावना प्रवर्द्धन गर्न
५. विभिन्न जाति, भाषाभाषी र राष्ट्रहरूका बिचमा आपसी समझदारी बढाउन
६. विज्ञान र प्रविधिका कुराहरू विश्वभर फैलाउनु
७. एक कुनामा भएका अध्ययन तथा अनुसन्धानबाट अर्को क्षेत्रलाई लाभान्वित बनाउन,
८. जनतालाई जागरुक तथा प्रगतिपथमा लम्कन सहयोग पुऱ्याउन
९. एक भाषाका माध्यमबाट अर्को भाषाको सांस्कृतिक, धार्मिक तथा भौगोलिक क्षेत्रको बारेमा जानकारी राख्न
१०. सञ्चार उद्योगको प्रवर्द्धन गर्न ।

अनुवादले भाषिक पक्षहरूको जानकारी गर्नुका साथै विभिन्न सांस्कृतिक मूल्यमान्यताको आदानप्रदान गरी निकटस्थ सम्बन्ध स्थापना गर्न, विविध उपभोग्य क्षेत्रका सरसामान उपकरण वा अन्य वस्तुहरूको उपयोग गरी विविध सूचनाहरूलाई सुगम तरिकाले प्रदान गर्न र विज्ञापन र प्रचारप्रसारलाई सरल र प्रभावकारी बनाउनमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### २.३.३ अनुवादको वर्गीकरण

अनुवादलाई विद्वान्हरूले विभिन्न प्रकारमा वर्गीकरण गरेका छन् । अनुवादको परिभाषामा देखिएको मतभिन्नताले नै यसको पनि वर्गीकरणमा पनि एकरूपता देखिँदैन ।

जस्तै रोमन याकोब्सन (१९५९) ले संलग्न सञ्चारको माध्यमलाई प्रमुख आधार मानी तिन प्रकारका अनुवादको पहिचान गरेका छन् । ती हुन् : भाषान्तरण, अन्तरभाषिक र अन्तरसाङ्केतिक (अधिकारी, २०७१ : १०) । भाषान्तर अनुवाद भनेको एउटा भाषामा व्यक्त भएको कुरालाई अर्को भाषामा रूपान्तरण गर्नु हो ।

भाषेतर अनुवादले चाहिँ भाषिक कोडमा व्यक्त विषयवस्तुलाई अन्य किसिमका सङ्केतमा वर्णन  गर्नुलाई जनाउँछ (अधिकारी, २०६५ : १६७) । भाषामा भनिएका कुरालाई चित्र, तालिका, आरेख आदिद्वारा व्यक्त गर्नु यस किसिमको अनुवाद हो ।

अनुवादको वर्गीकरणका विविध आधार देखिए पनि अर्थगत आधारलाई बढी महत्त्व दिई गौतम र चौलागाई (२०७० : ७०) ले शब्दानुवाद, भावानुवाद र छायानुवाद गरी तिन किसिमले वर्गीकरण गरेका छन् जसलाई निम्नानुसार रूपमा उल्लेख गर्न सकिन्छ :

**(क) शब्दानुवाद**

शब्द शब्दमा ध्यान दिएर गरिने अनुवाद नै शब्दानुवाद हो । यस्तो अनुवादमा प्रत्येक शब्दको ख्याल गरिन्छ । स्रोत भाषाका प्रत्येक शब्दको समतुल्य अनुवाद लक्ष्य भाषामा भयो कि भएन् भन्ने कुराको लेखाजोखा गरिन्छ । शब्दानुवाद अन्य अनुवादको तुलनामा सरल मानिन्छ । यसमा शब्द, पदावली, वाक्य आदि भाषिक एकाइहरूको समतुल्यतामा जोड दिइन्छ अर्थात् शाब्दिक अनुवादमा भाषा$^{१}$ को संरचनाको समानान्तरता भाषा$^{२}$ मा खोजी गर्नेतर्फ विशेष ध्यान दिइन्छ ।

**(ख) भावानुवाद**

स्रोत भाषाको भाव वा विचारलाई लक्ष्य भाषामा अनुवाद गर्नुलाई भावानुवाद भनिन्छ । यसमा समग्र पाठको भाव पक्षलाई जोड दिइने भएकोले प्रत्येक शब्दको अनुवादमा ध्यान दिइँदैन । स्रोत भाषामा रहेको भाव वा विचार लक्ष्य भाषामा आउन सक्यो कि सकेन भन्ने कुरामा ध्यान दिइन्छ । स्रोत भाषाको भावलाई सहज एवम् सरल किसिमले लक्ष्य भाषामा लगिने हुँदा यसमा शब्दानुवादमा जस्तो कृत्रिमता र अस्वाभाविकता हुँदैन ।

**(ग) छायानुवाद**

छायानुवादमा मूल रचनाबाट आंशिक रूपमा मुक्त हुने र मूल सन्दर्भलाई हेरेर मात्र अनुवाद गर्ने गरिन्छ । यसर्थ यो अनुवाद सारमूलक हुन्छ । यस्तो अनुवादमा स्रोत भाषाका

सम्पूर्ण भाव वा विचार लक्ष्य भाषामा नआउन सक्छन् । भाषा[२] का पाठकहरूको सम्प्रेषणीयताप्रति विशेष ख्याल राखिने हुँदा यस्तो अनुवाद सन्दर्भपूर्ण हुन्छ ।

### २.३.४ अनुवादका प्रचलित सिद्धान्तहरू

सैद्धान्तिक अनुवाद अध्ययनले अनुवादका सैद्धान्तिक पक्षहरूको अध्ययन अनुसन्धन गर्दछ । यस्ता सैद्धान्तिक विषयहरूले अनुवादकलाई उपलब्ध विकल्पहरूको पुनरावलोकन र उपयुक्त विकल्पको छनोट गर्न मार्गनिर्देशन दिने काम गर्दछ ।


अनुवादको सामान्य सिद्धान्तले साहित्यिक अनुवाद र प्राविधिक अनुवादका बारेमा सामान्य जानकारी मात्र दिन सक्छ; तर प्राविधिक अनुवादका गहन पक्ष बुझ्न प्राविधिक अनुवादसम्बन्धी विशेष सिद्धान्तहरूको आवश्यकता पर्दछ (अधिकारी, २०७१ : ४४) । त्यसैले अनुवादका सिद्धान्तहरूले अनुवादकलाई सचेतता, जानकारी गराउने हुनाले यस्ता सैद्धान्तिक विषयहरूको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । अनुवाद प्रक्रियाको अध्ययन र यसको सैद्धान्तिक व्याख्या गर्ने क्रममा केही भाषाविद्हरूले यस विषयमा विशिष्ट योगदान दिएका छन् । यसमा क्याटफोर्ड, लिडा, न्युमार्क, देरिडा आदि उल्लेखनीय छन् ।

#### (क) क्याटफोर्डको अनुवाद सिद्धान्त

क्याटफोर्डले अनुवाद सिद्धान्तलाई तुलनात्मक भाषाविज्ञानको एउटा शाखाको रूपमा लिएका छन् । अनुवाद सिद्धान्तले दुई भाषाबीचको तहगत र संरचनागत सम्बन्धको विश्लेषणका आधारमा अनुवाद समस्याको पहिचान गरी समाधानका उपायहरू सुल्झाउँछ । अनुवादसिद्धान्त भाषाविज्ञानको सिद्धान्त अनुरूप चलेको हुन्छ (अधिकारी, २०७१ : ५०) । भाषा र भाषिक घटनाहरूको व्यवस्थित अवलोकनपश्चात् गरिने सामान्यीकरणका आधारमा भाषाका विभिन्न तह र कोटीको निर्धारण गरिएको हुन्छ ।

एउटा भाषामा रहेको पाठ्यसामग्रीलाई अर्को भाषाको समानान्तर पाठ्यसामग्रीमा प्रतिस्थापन गर्नुलाई क्याटफोर्डले अनुवाद भनेका छन्;  पाठात्मक समानान्तरतता र संरचनात्मक अनुरूपताका बिच भिन्न औंल्याएका छन् (अधिकारी, २०६५ : १७९) । यसरी के भन्न सकिन्छ भने एक भाषाको सामग्रीलाई अर्को भाषासँग समान ढङ्गले र त्यस भाषाको संरचनाअनुरूप हुनुपर्ने कुरामा जोड दिएका छन् ।

क्याट्फोर्डले पाठको आकार, भाषिक एकाइ र एकाइगत श्रेणीको आधारमा अनुवादको वर्गीकरण गरेका छन् । वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई कम महत्त्व दिइएको पाइन्छ । त्यसैले पनि उनको सिद्धान्त विशुद्ध संरचनावादी ढाँचामा आधारित रहेको पाइन्छ । अनुवादमा स्रोत र लक्ष्य भाषाका बिच समानान्तरताको खोजीमा जोड दिएका छन् । कतिपय स्थितिमा भाषिक र सांस्कृतिक पक्षले गर्दा अनुवाद गर्न नसकिने स्थिति औंल्याएका छन् (अधिकारी, २०६५ : १८१) । यसरी उनको अनुवाद सिद्धान्त स्रोत भाषाप्रति झुकाव राख्ने खालको देखापर्छ । अनुवाद गर्दा अनुवादकले समान जस्ता शब्दहरू भए पनि सन्दर्भअनुरूप शैलीको छनोटले अभिव्यक्तिको विविधता, उपयुक्तता जस्ता कुराहरूको बारेमा समेत ध्यान दिनुपर्ने कुराहरूमा जोड दिएका छन् । यसका साथै भाषा१ र भाषा२ का बिचको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक आदिको समानता र भिन्नताको समेत ख्याल राख्नु आवश्यक हुन्छ । क्याटफोर्डको अनुवादको भाषावैज्ञानिक वर्गीकरणलाई अधिकारी (२०७१ : २१) ले निम्नानुसार रूपमा प्रस्तुत गरेका छन् :




भाषाविज्ञानको तह र कोटीको अवधारणालाई अनुवाद परिवर्तनमा पनि प्रयोग गरिएको छ । अनूदित पाठलाई लक्ष्य भाषाको व्याकरणिक पद्धतिअनुरूप समायोजन गर्नका लागि अनुवादकले स्रोतपाठका संरचनाहरूमा आवश्यक परिवर्तन गर्नुपर्ने हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

**(ख) नाइडाको अनुवाद सिद्धान्त**

नाइडाको अनुवाद सिद्धान्तमा चम्स्कीको रूपान्तरण व्याकरणको प्रभाव परेको देखिन्छ । साथै हाइम्सको सम्प्रेषणात्मक सामर्थ्यको अवधारणाबाट पनि उनको सिद्धान्त

प्रभावित रहेको पाइन्छ (अधिकारी, २०६५ : १८२) । अनुवादका क्रममा स्रोत भाषाको सूचनालाई निकटतम स्वाभाविक समानान्तरतामा लैजानु पर्ने कुरा उल्लेख गरिएको छ ।

मूल भाषाको सन्देशलाई ग्रहीताको  भाषाको निकटतम स्वाभाविक समानमा पुनरुत्पादन गर्नु नै अनुवाद हो (लामिछाने, २०७० : ८५) । तसर्थ स्रोतभाषाको ग्रहीताले मूल सन्देश जसरी ग्रहण गर्दछ । यसरी लक्ष्य भाषाको ग्रहीताले पनि यो सन्देश त्यसरी नै ग्रहण गर्नुपर्छ ।

नाइडाले अर्थविज्ञान र प्रयोगार्थविज्ञानमा प्रचलित पद्धतिहरू प्रयोग गरी अर्थ निर्धारणका केही महत्त्वपूर्ण उपायहरू उल्लेख गरेका छन् । लेख्य शब्दको अर्थ स्थिर हुन्छ भन्ने मान्यताबाट पछि हट्दै उनी अर्थको परिवेशवद्ध परिभाषातर्फ उन्मुख भएर कुनै पनि शब्दले आफ्नो अर्थ प्रयोग सन्दर्भबाट ग्रहण गर्छ र सांस्कृतिक पृष्ठभूमि भएका पाठकहरूले एउटै शब्दको अर्थलाई फरक रूपमा लिन्छन् भन्ने मान्यता उनको रहेको छ (अधिकारी, २०७१ : ४७) । यिनले शब्दको अर्थ पक्षलाई जोड दिई अर्थले आफ्नो प्रयोग अनुरूपको सन्दर्भमा व्यक्त गर्ने कुरामा जोड दिए । यसरी के भन्न सकिन्छ भने प्रयोग सन्दर्भअनुरूप कुन शब्दको छनोट गर्ने भन्ने कुराको निर्णय गर्नुपर्दछ ।

नाइडाका अनुवाद प्रक्रियाका तिन चरणलाई अधिकारी (२०६५ : १७६) का अनुसार निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(अ) **पहिलो चरण : पाठको विश्लेषण**

यसमा अनुवादकर्ताले स्रोत भाषाका अनुद्य पाठको विश्लेषण गर्छ । यस क्रममा पाठको प्रकृति, प्रस्तुति, शब्दभण्डार आदिको अध्ययन गरिन्छ । साथै पाठका शब्दभण्डार, वाक्यगठन, अनुच्छेद, सन्दर्भ आदिको अनुद्यताको स्थितिको पर्यवेक्षण गरिन्छ ।

(आ) **दोस्रो चरण : अन्तरण/स्थानान्तरण**

अनुवादले पाठको उल्लिखित विश्लेषणको परिणामलाई स्रोत भाषाबाट प्रापक भाषामा अन्तरण गर्ने वा सार्ने काम गर्छ । स्रोत भाषाको सामग्रीलाई लक्ष्य भाषामा ल्याउनु यस चरणको काम हो । अर्थहरूको संरचना स्थानान्तरणका समस्याहरू आइपर्छन् र तिनको सम्बोधन गर्नुपर्ने हुन्छ ।

### (इ) तेस्रो चरण : पुनरुत्पादन

स्रोतभाषाका कुरा प्रापकका भाषामा पुनः संरचन तथा पुनःसृजन गर्नु नै पुनरुत्पादन हो । यो अनुवादको तेस्रो र अन्तिम चरण पनि हो । यसले अनुवादलाई सामान्य रूपान्तरण मात्र नमानी स्रोत भाषाका आधारमा सृजना भएको सामग्री मानेको हुन्छ । पुनरुत्पादनका क्रममा स्रोत भाषाको सामग्रीलाई लक्ष्य भाषाको संरचना, सन्दर्भ र स्वाभाविकताअनुरूप ढाल्ने प्रयास हुन्छ ।

नाइडाको अनुवाद सिद्धान्त भाषाको उच्चतम एकाइ सङ्कथनतिर अभिमुख छ । उनको सिद्धान्तले अभिव्यक्तिको वाक्यार्थ पक्षभन्दा प्रकरणार्थ पक्षतिर झुकाव राखेको देखिन्छ (अधिकारी, २०६५ : १८३) । संरचनात्मक समानान्तरतामा जोड नगरेर स्रोत भाषाका पाठक र लक्ष्य भाषाका पाठक (प्रापक) का बिच समानान्तर प्रभाव दिन सक्ने खालको अनुवादका लागि जोड दिइन्छ । भाषाको वाह्य संरचनालाई भन्दा आन्तरिक संरचनालाई जोड दिई अर्थ र सन्दर्भ पक्षलाई ध्यान दिई गतिशील समानान्तरताको खोजी गर्ने हुँदा यसले स्रोत भाषाको भन्दा लक्ष्य भाषाको स्वाभाविकतातर्फ झुकाव राखेको पाइन्छ ।

### (ग) न्युमार्कको अनुवाद सिद्धान्त


अनुवाद सिद्धान्त स्वतन्त्र भाषिक विधा हो, अवलोकन यसको मुख्य स्रोत हो भने अनुवाद अभ्यासका लागि आवश्यक आधार प्रदान गर्नु यसको लक्ष्य हो । कारक व्याकरण, सङ्कथन विश्लेषण र घटकीय विश्लेषण जस्ता भाषाविज्ञानका शाखालाई पनि अनुवाद सिद्धान्तमा प्रयोग गरेका छन् । अनुवाद सिद्धान्तले शाखालाई पनि अनुवाद सिद्धान्तमा प्रयोग गरेका छन् । अनुवाद सिद्धान्तले भाषाको आर्थी पक्षलाई प्राथकितामा राख्दछ (अधिकारी, २०७१ : ५४) ।

न्युमार्कले सम्प्रेषणात्मक अनुवाद र आर्थी अनुवादमा भिन्नता देखाएका छन् । सम्प्रेषणात्मक अनुवाद पाठकपरक हुन्छ । स्रोत भाषाका मूल पाठको अधिकतम निकटताको प्रभाव लक्ष्य भाषाका पाठकहरूमा दर्साउनमा यसले जोड दिन्छ (अधिकारी, २०६५ : १८४) । आर्थी अनुवाद चाहिँ स्रोत भाषापरक मानिन्छ । स्रोत भाषाको सन्दर्भपूर्ण अर्थलाई लक्ष्य भाषाको आर्थी र वाक्यात्मक संरचनाले दिन सक्ने जाति निकटतामा ल्याउने प्रयास यसमा हुन्छ । भाषा$^{1}$ का पाठको सन्दर्भलाई भाषा$^{2}$ को समतुल्य सन्दर्भमा ढाल्नतिर आर्थी

अनुवादमा बढी महत्त्व दिइने हुन्छ । त्यसैले यसलाई स्रोत भाषाप्रति विशेष झुकाव राख्ने खालको अनुवाद मानिन्छ ।

अनूदित कृतिका पाठकले पनि मूल कृतिका पाठकले जस्तै प्रभाव अनुभव गर्न सक्ने खालको अनुवादको अपेक्षा न्युमार्कले गरेका छन् । कुनै अनुवाद स्रोत भाषाप्रति झुकाव राख्ने खालको हुन्छ भने कुनै चाहिँ लक्ष्य भाषाप्रति झुकाव राख्ने हुन्छ ।

न्युमार्कका अनुसार कुनै पनि पाठको अनुवाद गर्दा निम्न दश तत्वहरू बिच अन्तरक्रिया हुने गर्दछ (भट्टराई, २०७२ : ३) ।




### २.३.४ अनुवादका अपेक्षित गुणहरू

अनुवाद गर्दाखेरी विभिन्न भाषाका भिन्नभिन्न सामाजिक, सांस्कृतिक, धार्मिक, भौगोलिक तथा वातावरणीय परिवेश र सन्दर्भगत पक्षहरूलाई ध्यानमा राखी अनुवाद गर्नुपर्छ । स्रोत भाषा र लक्ष्य भाषाका बिचमा सामाजिक, सांस्कृतिक पक्षमा निकटता छ भने त्यहाँ अनुवाद गर्न सरल हुन्छ । अनुवादको आदर्श पक्षलाई सकेसम्म कुनै कुरा पनि नछोड्ने र कुनै बढ्ता कुरा नथप्ने गरी अनुवाद गर्नुपर्ने हुन्छ ।

अनुवाद केवल लेखनमा मात्र सीमित नहुने भएकाले कुनै पनि अनुवादक एक निपूण पाठक, व्याख्याता, मध्यस्थकर्ता, विचारक र सञ्चारक हुनु जरुरी छ । सम्बन्धित भाषाहरूको ज्ञान अनुवादकका लागि पहिलो न्यूनतम योग्यता हो (भट्टराई, २०७२ : ८९) । भाषाको ज्ञान भन्नाले सम्बन्धित भाषालाई वाक्यात्मक, अर्थगत तथा प्रयोगार्थक ढङ्गले बुझ्न सक्ने क्षमतालाई जनाउँछ ।

अनुवादकले एउटा भाषाको शब्द र अर्थको साहचर्य बुझेर सोहीअनुरूपको कुशलताका साथ अर्को भाषामा पनि प्रभावशाली ढङ्गले अभिव्यक्त गर्नु आफैँमा महत्त्वपूर्ण हुन जान्छ । पाठकहरूलाई कुनै अनुवाद पढे पनि कुनै प्रतिरूप वा प्रतिकृति पढे जस्तो आभास हुन नदिनु अनुवादकको विशिष्टता हो । स्रोत भाषा र लक्ष्य भाषाको वर्णात्मक रूपात्मक, वाक्यात्मक, अर्थगत एवम् सन्दर्भगत समानान्तरताको प्राप्ति नै अनुवादको उत्कृष्टता हो । उत्कृष्ट अनुवादक उत्कृष्ट स्रष्टा पनि हो । अनुवाद तब नै प्रभावशाली हुन्छ जब यो कलात्मक दृष्टिले पनि प्रखर हुन्छ (अधिकारी, २०६५ : १७५) । यसरी के भन्न सकिन्छ भने स्रोत भाषाको कृतिलाई राम्ररी बुझेर त्यसको शाब्दिक तथा अर्थगत सम्बन्धलाई बुझेर त्यसको मर्मअनुरूप उपयुक्त ढङ्गले अनुवाद गर्न सकियो भने पाठकवर्गलाई पनि बुझ्न पढ्न सरल र सहज हुन जान्छ । कलात्मक ढङ्गले अनुवाद गरिनुपर्छ र उत्कृष्ट अनुवादकलाई उत्कृष्ट स्रष्टाका रूपमा अर्थ्याएको पाइन्छ ।

सबै प्रकारका ज्ञानले मात्र कुनै पनि अनुवादकलाई निपुण बनाउन भने सक्दैन । यसका साथसाथै उसमा उच्च 'मानसिक लचकता' को आवश्यकता पर्दछ, अर्थात् अनुवादकले अव्यक्त तर पूर्णानुमानित ज्ञानको उपयोग गर्नुपर्छ । साहित्यिक कृतिको संवेगात्मक पक्षको  खोजी गर्नु र त्यसलाई व्यक्त गर्न सक्षम हुनका लागि भाषिक अर्थहरूलाई भाषिकेतर ज्ञानसँग जोड्न सक्नुपर्छ । एउटा अनुवादकमा लेखकबाट पृथक् हुने र ऊसँग सादृश्य राख्ने दुबै गुण हुनुपर्छ (भट्टराई, २०७२ : ९०) । अनुवादकका लागि भाषाको मात्रै ज्ञान भएर पुग्दैन अनुवादकमा चिन्तन मनन गर्न सक्ने क्षमता हुनुपर्छ । भाषाहरूका बिच एकपक्षीय झुकाव हुनुहुँदैन । अनुवाद कसका लागि गर्न लागिएको हो किन गर्न लागिएको हो, त्यसको औचित्य के रहने भन्ने कुरालाई आधार बनाई अनुवाद कार्यमा सरिक हुनु जरुरी देखिन्छ ।

अनुवाद कस्तो हुनुपर्छ र अनुवादमा के कस्ता विशेषता हुनु जरुरी छ भन्ने सम्बन्धमा समालोचकहरूबिच मतभेद पाइन्छ । यहाँ समालोचकका केही भनाइलाई भट्टराई (२०७२ : ९४) का अनुसार निम्नलिखित रूपमा उल्लेख गर्न सकिन्छ :

१. अनुवादले मूल कृतिको शब्दलाई पछ्याउनुपर्छ ।

२. अनुवादले मूल कृतिको विचारलाई पछ्याउनुपर्छ ।

३. अनुवाद मूल कृतिजस्तै हुनुपर्दछ ।

४. अनुवादले मौलिक कृतिको शैलीलाई प्रतिविम्बन गर्नुपर्दछ ।

५. अनुवादमा अनुवादकै शैली हुनुपर्छ ।

६. अनुवाद मूलकृतिको समकालीनका रूपमा देखिनुपर्दछ ।

७. अनुवादले मूलकृतिमा थपघट गर्न सक्छ ।

८. अनुवादले मूलकृतिमा कदापि थपघट गर्नु हुँदैन ।

९. गद्यको अनुवाद पद्यमा हुनुपर्छ ।

१०. पद्यको अनुवाद गद्यमा हुनुपर्दछ ।

उपर्युक्त विभिन्न विशेषता तथा गुणका अतिरिक्त शुद्धता, इमानदारित, मानवीय, नैतिकता, सामाजिक मूल्यमान्यता, सांस्कृतिक, लैङ्गिक एवम् जातीय सम्मान र समावेशीयताका उच्च गुणहरूले पनि अनुवाद उत्कृष्ट बन्न जान्छ ।

अनुवाद गरिएको विषय तथा कृतिले कसैको भावना र विश्वासमा ठेस नलागोस्, कुनै खास जाति र संस्कृतिको पक्षपोषण नगरोस् कुनै जातीय धार्मिक सम्प्रदायहरूको विपरित नहोस् भन्नेतर्फ पनि ध्यान दिनु आवश्यक हुन्छ । अनुवादकले विचार पुऱ्याउनुपर्ने महत्त्वपूर्ण पक्ष भनेको मूल पाठको सामग्रीलाई लक्ष्य भाषामा रूपान्तरण गर्दा शब्दचयन तथा प्रयोगमा ध्यान दिनु आवश्यक हुन्छ ।

### २.३.५ भाषाशिक्षणमा अनुवाद अध्ययनको स्थान

बहुभाषिक समुदायको भाषिक तथा सांस्कृतिक पक्षको बारेमा जानकारी लिनमा अनुवाद अध्ययनले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । बहुभाषिक समाजमा एकअर्काबिच अन्तरक्रिया गर्न अनुवाद आवश्यक देखिन्छ ।

अनुवाद र भाषाशिक्षणको सम्बन्ध ज्यादै पुरानो मानिन्छ । दोस्रो भाषाशिक्षणका सन्दर्भमा त अनुवाद विधिको प्रयोग प्राचीन कालदेखि नै भइरहेको हो । यो विधि दोस्रो भाषाशिक्षणका लागि सुलभ र बहुप्रयुक्त देखापर्छ । प्राचीन क्लासिकल भाषाहरू सिकाउन अहिलेसम्म पनि अनुवाद विधि लोकप्रिय नै छ । संरचनात्मक भाषाविज्ञान र व्यवहारवादी मनोविज्ञानका पृष्ठभूमिमा विकसित श्रुतिभाषिक पद्धतिको प्रयोगले दोस्रो भाषाशिक्षणमा अनुवाद विधिको प्रयोगलाई बौद्धिक दृष्टिले बोझिलो र पहिलो भाषालाई बढी महत्त्व दिने

ठानी अनुप्रयोगिक मानियो तर अहिले आएर अनुवादको उपयोग भाषाशिक्षणमा कुनै न कुनै रूपमा उपयोगी मान्न थालिएको पाइन्छ (अधिकारी, २०६५ : १८६) । अनुवादका माध्यमबाट तथा अनूदित कृति वा विषयका माध्यमबाट सम्बन्धित भाषाका विद्यार्थीहरूमा भाषिक सिप विकास गर्नमा यसले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

शिक्षण विधिका कोणबाट हेर्दा अनुवाद एक किसिमले थिलथिलिएको स्थितिमा र शिक्षक समुदायले समेत यसलाई निषेध र वर्जित गरिएको पाइयो तर समयको गतिशीलतासँगै लामो समयको अन्तरालपछि दोस्रो भाषाशिक्षणका क्रममा अनुवादको प्रयोगप्रति भाषाशास्त्री र शिक्षाशास्त्रीहरूको चासो र चिन्ता बढ्दै गयो र पुनः भाषाशिक्षणका क्षेत्रमा पुनः प्रवेश पायो (भट्टराई, २०७२ : १४३) । यसरी परम्परागत रूपमा अनुवाद विधिलाई सबैले अस्वीकार गरेका भएपनि वर्तमान समयमा दोस्रो भाषाशिक्षणका क्रममा यसलाई उपयोग गरिएको पाइन्छ । स्रोत भाषाका सामग्रीलाई लक्ष्य भाषामा सम्प्रेषित गराउनु नै अनुवाद हो भने भाषिक सीपको शिक्षण नै भाषा शिक्षण हो (लामिछाने, २०७० : ९१) । भाषा शिक्षणका सन्दर्भमा अनुवादको महत्त्व रहेकाले यी दुईबिच अन्योन्याश्रित सम्बन्ध रहेको छ । विश्वमानवमा हरेक दिनचर्यामा आवश्यक जानकारी राखेर उनीहरूमा विचार कार्य र पौरखबाट  सम्प्रेषित भई मानवीय भावनाको समृद्धि गर्न अनुवादले महत्त्वपूर्ण भूमिका खेल्छ ।

दोस्रो भाषाशिक्षणमा मातृभाषाको प्रभावलाई बेवास्ता गर्न सकिँदैन । अनुवाद एक स्वाभाविक क्रियाकलाप हो । अनुवादले द्विपक्षीय सम्प्रेषणलाई सहयोग तुल्याउँछ । अनुवादद्वारा 'वास्तविक भाषा' को प्रयोग हुने गर्दछ र यसका धेरै सबल पक्षहरू छन् । भाषाशिक्षणका अन्य उपलब्ध उपायहरू विफल भएको अवस्थामा अनुवादलाई अन्तिम उपायका रूपमा प्रयोग गर्न सकिन्छ । अनुवादलाई प्रमुख विधिका रूपमा भन्दा पनि भाषाशिक्षणका अनेकौं प्रविधिमध्येको एक प्रविधिका रूपमा अपनाउनुपर्दछ (भट्टराई, २०७२ : १०४) । विदेशी तथा दोस्रो भाषाशिक्षणमा अन्य प्रविधि तथा क्रियाकलापहरूले जस्तै अनुवादले पनि महत्त्वपूर्ण भूमिका खेल्नुका साथै यसले सम्प्रेषणलाई अझ बढी सहज सिर्जनात्मक र उत्साहपूर्ण बनाउनका समेत सहयोग पुऱ्याउँछ ।

शिक्षण सिकाइ कार्यकलापका सन्दर्भमा अनुवादको स्थान उच्च रहेको हुन्छ । भाषाको अध्यापन कार्य सम्पन्न गरिरहँदा आफ्नो मातृभाषाले प्रभाव पारिरहँदाका क्षणमा

लक्ष्य भाषामा रहेका भाषिक पक्षका साथै व्याकरणिक भेदको पहिचानपश्चात उच्च समस्याको निराकरण गर्नमा मद्दत मिल्दछ । साथै हाम्रो जस्तो बहुभाषिक र बहुसांस्कृतिक मुलुकमा एक अर्काको भाषा र संस्कृतिको जानकारी हासिल गर्न तथा ती तीभाषामा दक्षता हासिल गर्न व्यक्ति व्यक्ति बिचमा हुने भाषिक क्रियाकलाप तथा छलफल आदि कार्यबाट समस्या समाधान हुन्छ । फरक फरक भाषाभाषीका बिचमा पारस्परिक संवाद गर्न गराउन, दोस्रो भाषामा प्रयुक्त शब्दलाई मातृभाषामा र मातृभाषामा हुने गरेका भाषिक कार्यकलापलाई अनुवादका माध्यमबाट दोस्रो भाषीलाई सहयोग पुग्ने हुनाले भाषाशिक्षणमा अनुवादको स्थान उच्च रहेको पाइन्छ । भाषिक कार्य सरल, सुबोध्य र सम्प्रेष्य बनाउन अनुवाद उपयोगी हुन्छ । भाषाशिक्षणका क्रममा अनुवाद कार्यबाट विद्यार्थीको बोध र अभिव्यक्ति क्षमताको विकास हुन्छ । अनुवादको उद्देश्य स्रोतभाषाका सामग्रीलाई लक्ष्य भाषामा सम्प्रेषित गर्नु हो । भाषाशिक्षणका साथै कोश निर्माण तथा कोश सम्पादन र कृति सम्पादन जस्ता कार्यमा पनि उपयोगमा ल्याउन सकिन्छ ।

## अध्याय तिन

## कर्तव्य कथाको बैतडेली भाषामा अनुवाद

### फर्ज

लगातार नउ दिन जर आइबरे मुख्या गङ्गाधरले संसार छाण्यो । उन एक ठुला मान्स थ्या । आफुनो ठुलो सम्पत्तिलाई उन कभइलै जन्तानको धरौटी भणन्थ्या रे आफूलाई उई सम्पत्तिको एक चलउन्या सम्झन्थ्या । गरिबुनका रोस्याइनी आगो नबल्याको, जतकाली भोकाइ रयाकी कुरणी सुणन्जाई बोलाइबरे चैन्या नाज रूपप्या दिइबरे लउन्थ्या । कसैले तिद्या भाका सोद्याबरे "सक्याबरे तिर्‍या नसक्या तमराई हन्" भणिवरे जोबाप दिन्थ्या । उन बचन्जासम्म कसैको ब्या (विवाह) वर्त, क्रिया सराद, दशै, दुत्त्या नाइ अड्क्या । गाउँका गरिब विमार भएका सुणन्जाई दवाइ लेइबरे उनरा झोपणामा पुजिजन्थ्या ।

गाउँका गरिबुनलाई "मुख्या बुवाको परानी छन्जासम्म हमलाई केइनाई हुन्या हो" भण्या कुरणीमा विश्वास थ्यो । उन पटकनमाई आइवरे नकलिन्जासम्म मान्स आफुनो काजबार अदपुरा सम्झन्थ्या । कसैलेलै अन्या गर्‍यो भण्या वल्लापल्ला गाउँका मान्स उनराई देलीमाइ घात गद्दु अउथ्या । उनरी परानी छन्जासम्म कसैले कसैलाई सताउन नाइपायो ।

गाउँका जिम्म्वाल भया वरेरै उन 'मुख्या बुवाका नाउले प्रसिद्ध थ्या । उन गाउँतिर झड्यावरे गाउँमनिका सप्पै गेदामेदा "मुख्या बुवा ! मुख्या बुवा !" भणिवरे कला हालीबरे अउथ्या रे कोइ औला, कोइ मेखलाको चाल, कोइ उनरी लट्ठी समउन्थ्या । गेदामेदानले तसो गर्‍याको धेकीवरे वूणा खिच्च हाँसीबरे कसैको मुख मुसरन्थ्या, कसैको चिउणो थमाइबरे हसन्थ्या । इस्याई गरिबरे गाउँका गेदामेदा बूणा, ज्वान सप्पैकि लेखा उन खुपै निका थ्या । उनलाई गाउँको बुवा मण्णामाई कत्तिलै बडवाई नाइथि । उन मर्‍यापछा वल्लापल्ला दश गाउँमाई भउत नोक्सान भयो । भोकानङ्गा, दुःख्खी दुखारीनका बुवा मर्‍या । बुणाबुणी, लुला लङणा कना खोरन्डाको टेक्केइ लठ्ठी भाचिनो । न्यायको बत्ती निमानो । मूल्या केइ नगरी सक्क्यानका आशका खम्वा ढल्यो । गाउँका वैद्दी मर्‍या ।

बिमारी हेद्दु बस्याका दश गाउँका मान्स जोरले रुनु पस्या । ठुलो दुःख्खले कला हालेको आवाज लामो लामो ठउर सम्म फिजालिना जसो भयो ।

‘थोक्कीवेरपछा मुर्धा लैजाइबरे खोलातिर लग्या । मलामीकी बगाल गाउँदेखि उन्या खोलाईसम्म पुजी रइथ्यो । “मान्सनले भण्यो कसैको मद्दु होउ त इसो होऊ ।”

गङ्गाधरका दुइ चेला थ्या । जेठो मुरलीधर र कान्सो श्रीधर/मुरलीधर वामन थ्या । रात्तई हण धुउथ्या र छकलासम्म पुजापाठ गरन्थ्या । उन आफुनो धर्म र संस्कृतिलाई भिक्कै विश्वास गरन्थ्या । आफना बुवाई जानी उनलै औरनलाई दुःख्ख दिनु पाप सम्भन्थ्या । मान्स उनलाई जिल्लाका टणाटणाका ठउर बठेहै बोलाइबरे सत्पा पुराण सुणन्थ्या । उन साच्चिका वामन थ्या । धोतिमाथि लामू मेखला, मेखलामुथि सेतो पागडो मुन्डामाई मखमलको रातो टोपी, कानैनी चद्धर, चानीमुनी चानन लउथ्या उन जबलै इसै पैरनमा हिट्न्थ्या । जिल्लामाई मुरली वामनका नाउले पछ्याणिन्थ्या । घगरयानकी घरकी कलले गद्दा उन बुवा बठेइ है पैली छुटीबरे छुट्टाई बसेका थ्या । उनरा दुइ चेला मात्रै थ्या चेली भण्या नाइथिन् ।

यइतिर वुदी श्रीधर राजनीतिक पाटीका सदस्या र गाउँका प्रधान थ्या । दश कलाससम्म अङ्ग्रेजी पण्याका थ्या । मुक्ता सुरुवाल र कुर्ता लउथ्या । जुङ्गादाणी काटीबरे लामो हेप्पी पाली राईथ्यो । कभैकभै हेप्पीको अइतरोको भाग चानीतिर भण्यो भण्या मुन्डो हल्काइबरे पछावटा खितन्थ्या । अदा अङ्ग्रेजी, थोक्कोइ संस्कृत, थोक्कोइ नेपाली मिसाइबरे कुरणी गरन्थ्या । तसो हुनाले उनले गरेकी कुरणी नपण्याका मान्स अद्दा मात्रै सम्भन्थ्या । पुजापाठ गद्दु टीकाचानन लाउनु खाली हो भणन्थ्या । विरगञ्जको अधिवेशनमा जानीबरे गोरखपुरमा ‘केलनर’ को होटल भितरी बसीबरे कि क्याब खायो भणी उनरा सङ्गाका मणन्थ्या । उन आफूलाई मात्रै जिल्लाभरिका जण्ण्या सुन्ण्या सम्भन्थ्या । हातमाइ चन्दाको किताब समाइबरे चन्दा मग्गाई हिट्न्थ्या । डरले भणु कि आसले भणु जिल्लाका ननाठुला सप्पै मान्सनमाई उनरी खुब भ थ्यी । जिल्ला गाउँका मान्सहरू उनबठेइ औरतिर माइ हैले सेटनका अदिया नाज कब्जा गद्दया रे साहु जग्गावालको खेत, नाज लुट्टामा खुपै सयता पौउथ्या जिल्लामा उन ‘शर्माजी’ का नाउँले चर्चित थ्या ।

(२)

चेलान छुट्टिनमिन्जा पिपले भन्ण्या सउ मुरी खेत बुवाले आफ्नो काजकिर्या जो गरलो उई खालो भणी राखी राइथ्यो । पुरानो पानी लग्या, खोला पैराकी केइ डर नभएको मानु सुप्पो फल्ल्या लमालमा चाल भयाको भिक्कई उब्जनी हुऱ्या खुपै निको खेत थ्यो ।

किर्या सकिनाका थोक्काई दिनपछा बुवाले राखेको खेतकी लेखा मुरलीधर र श्रीधरमा कुरणी उठी । बुवासित बसेकाले मेरो मात्रै भाग लाग्न्छ भण्या श्रीधर भणन्थ्यो मद्या बेलामा "मेरा लेखा दुइ चेला बराबर हो, अदाअदा बाणीवरे खया" भणी बुवाले भणिबरे गयाका हुनाले अदा मेरोलै भाग लागन्छ भन्या भणाई मुरलीधरको थ्यो ।

पैचालिस दिनको काम सकिना भोल्कादिन जिउनी खेतको निसापको लेख्या मुरलीधरले गाउँका मान्सनलाई बोलायो । जै पटकनमाई दश गाउँका मान्सनको निसाफ हुन्थ्यो, आज उसै पटकनमाई न्यायधीसका दुई चेलानको निसाप गद्दाइ गाउँका मान्स एक ठौर अया । मान्सनकी भणाइ दुईतिर वाणिनि । बुडापाखा मुरलीधरका पक्षमा लग्या । श्रीधरका पक्षमाई भन्या अलाबहुऱ्या लग्या । खेतका मालिक बुवाले "दुई चेला अद्दा अद्दा खया" भणिवरे गयापछा उन् ठुला मान्सनको भणाई श्रीधरले मान्णुई पणन्छ भन्ण्या निसाफ बुडापखानले गऱ्यो । "अदा अदा खानु" भन्न्या लेखेको लेखिबरे राखेको नभया हुनाले बुवा जै चेलासित बस्या हुन् ऐनकानुनले उनरो भाग उसै चेलाको हुन्या निसाप अलावहुरानले गऱ्यो । बुडापखानले धर्मको निसाप गऱ्यो ठिटाहरूले ऐनको । भोजभतेर सम्झीबरे गाउँमनिका सब कुकुरलै वाई जम्मा भएका थ्या । आपसमा ठुली कल भइ । हुऱ्यावहुऱ्याका अइतिर बुडापखानको केइनाइ चली । निसापको केइ टुङ्गो नलागि बरे सप्पई मान्स गया । तै ठौर अयाका अलाबहुराले बुडापखानलाई जोबाप दिइबरे हस्सा हस्साई घरैतिर गया । बुडापखालै अफना अफना बटा लग्या ।

गाउँको बैठक सकिएका थोक्काइ दिनपछा बुवाकी मद्दी बरेई कुरणीलाई आधार लैजाइबरे मुरलीधर अदालतमा गया । मुद्दा खुपै चल्यो गाउँका बुडापखा ठिटाहरूले साचिँ बक्यो । साचिँ बोल्ली मिन्जालै गाउँ दुईतिर बाणिनो । मद्या बेलामा दुएइ चेलानले अदाअदा बाणीबरे खया भणि बुणाले भणेको हमले अफनाई अखाले धेकेका हौ भणी बुडापखानले साचिँ बके । हुऱ्यावहुऱ्यानले नाइ हो, 'भण्यो' । नाइहो भण्न्यानको सङ्ख्या झिक भयो ।

काटमारदेखि इथ श्रीधरले अड्डाखानामा लै आफ्नो घमन्ड खुबै राखिराईथ्यो । आफूले भण्या जसो नभया बटी बजारमाइ माइक फुकीबरे पर्चा बण्णाई हिट्न्थ्या । इसो हुनाले अदालत माइ न्यायधिस श्रीधर धेकी झस्कन्थ्या । उनमाथि अदालतमा मुद्दाको छिनोफानो हुनी मिन्जा बोली कुरणी है लै लेखी कुरणीलाई झिक मन्या चलन छ । सबै कल/झकणा ऐनकानुनकै आधारले हुन्छ । कानुन श्रीधरका पक्षमाई थ्यो । छाड्डीबार कानुन हेद्या मान्सलेलै कानुनले भणेको माण्यो । खेत श्रीधरले पायो । मुरलीधर हाऱ्यो ।

या केइ मैना बठेइ श्रीधर बिमार होइरयान् । उनलाई सुनसुन्या जर आइरन्छ । कासो लाग्न्छ; छाति दुःख्खन्छ भण्णान् । बिमार खानपिनमाई बर्ज नगद्दाले भयाको हो भण्णान् । शरीर सुकिबरे हाणैहाणकी मला मात्रै बाकी थ्यो । इसैबेला कुटुम्बले चेला शशीधरलाई चेली दिन अया । कुटुम्ब भउतै सेट थ्या । जिल्लामा उनलाइ खुप मनन्थ्या । मुदेशतिर तीनचार विगा जमीन छ, भणन्थ्या गेदामेदानमाई एक्कै यई चेली मात्रै छन् भन्न्या सुणिन्थ्यो । शशिधर पन्नर वर्षको मात्रै थ्यो । आदर्श विद्यालयको दशौं कक्षामा पणन्थ्यो । गेदो निको रे खुब अक्कलवाला थ्यो । चेलाको यति ननाई उमेरमाई ब्या गद्दु त श्रीधरको मन नाइ थ्यो तबलै एक्कै चेली मात्रै भएका सेट कुटुम्बले घरै आइवरे चेली दिनौ भण्यापछा (भनेपछि) उन खुब अलमलमा पण्या । उथ घगरयानले लै ब्या गद्दुई पणन्छ, भणिबरे कचकच गद्दु लग्या । उनले घगरयानको जिद्दलाई नाई भण्ण नाइ सक्यो । कामसाम भयो खुब मन लाइबरे ब्याको समान तयार गद्दु लग्या ।

(३)

वैशागको मैना थ्यो । मुरलीधर नाइधोर बरे पुजा गद्दाकी भित्तर पस्या मात्रै थ्या श्रीधरका घरमा बजा बज्ज लग्याका सुणिबरे झ्याल बठेइ हेद्दु लग्या । पटकनमाई खुपई चहलपहल थ्यो, चारैतिर ध्वजा पताकानले सजाइराई थ्यो, निका निका कपडा लयाका मान्स थ्या, इष्टमित्रर थ्या जग्या सजाएको थ्यो बामनलै थ्या । तो चहलमहल खुबै निको सोइरैथ्यो । थोक्कीवेर पछा सकी नसकी मण्डपमा आइबरे श्रीधरले पूर्वाङ्गको कर्म गद्दु लग्या ।

घरमाइ यति ठुलो काज्यमाइ दुई कनलामथि घर भया अफना साक्कै ददा बौजीलाई श्रीधरले नाई बोलायो । औरनलाइ नभयालै ददाका दुईजना चेलीलाई त बोलाउनु पणन्थ्यो; उनलाईलै नाई बोलायो । मुरलीधरको मन एकसुरे थ्यो । घोरीबरे सर्कतिर हेद्दु लग्या, पैलीकी कुरणी उनरा अखामाई झलझली आउनु लाग्यो । एकबरे स्वर्गवास भएका बुवाको चम्किलो मुखको लै याद गाण्यो । थोक्की बेरपछा अखाबठेइ आँसु चुएइवरे आफ्ना नित्यकर्म गद्दु लग्या । छकलामुनि ब्याउलो बट्याउन लग्या । मुरलीधर आफना पुजा गद्या भित्तरका झ्यालमाई कलिबरे हेद्दु लग्या ।

धोक्काइवेरपछा बजा बजउन्या वाला बजा बजाउँदै अइतिर अइतिर हिट्या । तैपछा ब्याउलाकी तापदानी गई । शशिधर व्याका निका निका कपणा लाइबरे तापदानीमथि बसी

रैथ्यो । मुन्डामा गुलाबी पगणी, कानैनी रातो गलबन्दी गलाइनी फूलकी मला, चानीमाइ पेलो ठाणो चानन । कानमाइ चल्कन्या टप, गन्धर्व जसो धेकिन्थ्यो । शशिधरलाई वेउलाका रूपमाई तापदानीमा वस्याको धेकीबरे खुसीले मुरलीधरको अखाभरि आँसु भरिना । मनमनै भण्यो; “जेठो चेलो तुई होई मर्यापछा पिण्ण दिन्या ।”

मुरलीधर सप्पै वर्यातीलाई एक एक गरीबरे हेद्दु लग्या । वुणापखा कोइनाइ थ्या सबै गेदामेदा मात्रै थ्या । सबैका हातहातमाइ सिकरटको सेटो थ्यो । उडउड ध्वाँ उडाइबरे जन्नाथ्या श्रीधर भण्या कौसीमाइ गद्दा डसेइबरे पणिरैथ्या ।

मुरलीधरले मनैमन भण्यो “गाउँमा बुवाको कतनो नाउँ छ आज लै घरघरमाइ बुवाको गुणगान छ उइमाथि तसा खानदान कुटुम्बका स्वालथाई वर्यात जन्नाछे । इन गेदामेदा त सिकरटको ध्वा उणाउन र खचपच गद्दु बाहेक औरतिर नाइजण्णा/बुवा भण्या डसनामाइ लम्बी रयान् । इनुन बुवा बज्याको नाउँ इज्जत हाल्लु लागि गया । आब अखा बुजीबरे बस्सु नाइथि” भणिवरे मुरलीधर आफना भितर पस्या कपडासपडा लाइबरे उनले घरवाली सित भण्यो “कमला मेरो गलबन्दी निकाली दे ।”

बौस्यालाई कपडासपडा लाइबरे हिट्टु तयार भएका धेकीबरे कमलाले भणिन् “इसो एकपण्या घामका धुपमा का जन्नाछा ।”

“बर्यात” ।

“बर्यात” ? नबोलया त कुकुर लै नाइ जानो ।”

“साच्ची भणेइ कुकुर अज्ञानी पशु हुनाले बोलयाबरे मात्रै झान्छ मान्सचाइ अक्कलवालो भएकाले मौका विचार गरिबरे आफूलै झानपण्न्छ ।”

“अ नबोलयाबरे लै जानुपण्न्छ ! ददालाई बुवाले मद्या बेलामा दियाको खेतलै खोसीबरे खान्या तसा अलेच्छनीको …… !”

“खान्दे आखिरमाइ त मेरो भाग खन्या लै यिनै हुन् । मर्यापछा खानुपणन्थ्यो जिउनोइ छन्जा खायो तैको पापधर्म उनैलाइ छ ।”

“भ्यो मुइत मर्या बटीलै नाइ जन्या हु । उनलाई ददा बौजी नचाइनापछा हमले मात्रै क्याइ अङ्डाल हालीबरे हिट्टु पण्यो ?”

“तै फटालाई अङ्डाल हाल्लु नाई जन्न्या हु कमला । या बुवाबज्यानको मानमर्यादा डुब्बु लाग्यो । उइमाथि सप्पैहई जेठा चेलाको ब्या, उइमथि उतना खानदान कुटुम्बका पटकनमाई बर्यात लैजानु छ । बुवाचाई कौसीमा इस्ना लाइबरे तेर्छिरइछ (लडिरहेछ) । बर्यातमाई बुडापाखा एक नाइथी, खाली पिनु छुटेका मुल्यान मात्रै छन् । घरको इति ठूला काममा घरको एक भाइलै नभयापछा वल्लापल्लाका कि भणन्ना ? स्वर्गका बसेका पितरुनले कि भणन्ना ? तुई अर्खाकी घर बठेइ आएकी चेली है कमला ! ‘कुलको मान सम्मान भणेको कतुनी कुरणी हो तो तोइलाई जाण्णु नाइथिन् । वर्यात सैनामुनि पुजिगइ । झट्ट गलबन्दी निकालिदे ।”

कमलाले रिसाइबरे बगसैनी है गलबन्द गाणी दियो । गलबन्द कानैनी हालीबरे लट्ठी टेक्का टेक्काई मुरलीधर बर्याती गया । उनलाई इसा एकपण्या घाममाई एक्कलाई ओरला लग्याका धेकीबरे गाउँका मान्स अन्धेर पणिबरे मुःख हेद्दु लग्या ।

बर्यात खोलापारीबटा पुजिगइथि । मुरलीधर पछापछा गया । साज पड्या पछा ब्याउलीका घरमाइ पुगीबरे सुट्टु एकचाललाई बस्या । मुरलीधर पुज्या बेला ब्याउलीका बुवा बरणी गद्दु लग्याका रयान् । मान्सनको भीणमाई उनलाई कसैले लै नाई पछ्यायो (चिन्यो) ।

पूजा सकिएका थोक्कीबेरपछा जग्ग्याको काम सुरु भयो । बामन वेदीमाई रेखा हाल्ल लग्या । भितर बठेइ जग्याका समान आउन लग्या । जग्ग्या सकियापछा बेउला ब्याउलीलाई बस्न पुग्या गरी चटाइ विछाइ दिइबरे बेउलालाई राख्यो । थोक्कीबेरपछा चेली बोकीबरे भितर है ब्याउलीका बुवा आइबरे चेलीलाई बेउलाका बाउँतिर बसाल्यो । ब्याउली बस्यापछा सरम मण्याजसो गरिबरे शशिधर थोक्कोइ उथ सत्यो । शशिधरले सरम माणेको धेकीबरे मुरलीधर एकचाललाई है मुस्सुमुस्सु हास्सु लग्या ।

बेउलाब्याउली जग्यामाई बस्यापछा ब्याउलीका बुवाले इथउथ हेरिबरे भण्यो, “को हुन् सम्दी नाइआई रयाकीब ? आब जग्यामाई आइबरे बस्याबरे हुनेइथ्यो ।”

ब्याउलीका बुवाले बोलाएको सुणिबरे एकचाललाई है मुरलीधरले भण्यो, “जी मुइ याई छु, औनारेउ ।

मुरलीधर उठीबरे जग्यामा गया । पछ्याणका मान्सनले ढोकदियो । बाज्यूलाई अचानक आफनी ठौर कलिएका धेकीबरे शशिधरले नै ढोकदियो । मुरलीधरले ननालाई जिरेइ

फिक्कई बाचिजेइ भणीबरे आशीर्वाद दिइबरे उइका पछापछा बसीबरे उइलाई आफ्ना काखीतिर तान्यो ।

बुवाका ठउर मुरलीधर बस्सु गयाका धेकीबरे बर्‍याती अयाका गेदामेदा खुसमुस गद्दु लग्या ।

मुरलीधर जिल्लाभरिका जण्न्या सुण्न्या वामन थ्या । उनलाई कन्यापक्षका सप्पै मान्स पछिण्न्थ्या । श्रीधर र मुरलीधरले खेतका बारेमाई वर्षदिनसम्म मुद्दा चल्याको लै भउत जनानलाई जाण्णु थ्यो । कन्यापक्षका बुडापखानले भयो, “इसा ठुला मान्सनका चेला आफुनो फर्ज क्याई छणन्थ्या ? तबै त मान्स खानदान भण्णान् ।”

ब्या सुरु भयो । बामनले मन्तर पड्या  बेला गलत भएका ठौर मुरलीधर सुधारी दिन्थ्या । शशिधर भण्या बाज्युका छातीमा लधरीबरे मजाले बसी रैथ्यो । मुरलीधर बखतबखतमाई गद्दु पड्या काम चेलालाई सिकाइ दिन्थ्या । इस्या नै ब्याको काम सकिनो ।

भोल्कादिन छकलामणि ब्याउली बटेइ दियो । मुरलीधरले निउणीबरे  ब्वारीको मुख हेर्‍यो । ब्वारी खुपै महालक्ष्मी जसी रैछन् । चेलाब्वारीको रूप धेकीबरे मुरलीधर खुपै खुसी भया । ओटी बेउलाब्याउलीको डोली अइतिर लगाइबरे मुरलीधर घरैतिर फर्क्या ।

साज पड्या बखतमाई बर्‍यात गाउँमा पुजी । धरामथिका चौपतामाई रम्मोल हेद्या मान्सनको भीण थ्यो । बर्‍यात दोबटामाई पुग्यापछा “लौ, घर भितर लैजा” भणिवरे मुरलीधर अफना घरतिर लग्या ।

ब्याउली भितरेयापछा ददा ब्यामा गएका, सप्पै काम आफनो कुल र खानदान अन्सार निक्करी गरेको सुणिबरे श्रीधरले अखाँभरि आँसु बनाइवरे गेदामेदानलाई सोद्यो, “ददालाई खनाइपिनाइ त निक्करी दिछ्या ब ?”

“आज एकदशी भणिबरे बामन बज्याले केइलै नाइ खायो रे भोकाइ अया ।”

ब्या सकिनाका एकमैना पछाकि कुरणि हो । एक दिन रात्तनी मुरलीधर आफ्नो सन्यापुजा सकिबरे कौसीमा बसीबरे “भागवत्” हेद्दु लागिरैथ्या, तैबेला शशिधरले सद्दीसद्दी आइबरे मुरलीधरलाई ढोकदियो रे बरण्डाको धुमेलीनाई लधरीबरे भण्यो, “बाज्यू ! पिपले खेत तमलाई जथबठेइ मन पणन्छ नापीवरे अद्दा खेत कमाइ खा भणिवरे बुवाले मुइलाई या लाएको हो ।”

शशिधरकी कुरणी सुणिबरे मुरलीधरले उइका मुःखतिर हेरीबरे मुसुक्क हाँसिबरे भण्यो, “जीउनीको अदा खेत मुइले कमाईबरे खया तमुन कि खन्या हो बा ?”

शशिधर केइ जोवाप नदिई धमाधम आफ्ना घरतिर गयो । कमला चाई देलीकी आडमा कलिबरे बुवा चेला नै कुरणी सुण्ण रैथिन् ।

शशिधरले खेत कमउन्या कुरणी सुणाइबरे गयाका चउद्द पन्नर दिनपछा एकदिन मुरलीधर फलौचामा बसीवरे 'नस' सुङ्डाई इस्कुल्यानलाई 'रघुवंश' को पाठ पणाउन लग्या थ्या । तसैवेला श्रीधरकी नानी चेली रमाले आइबरे गट्टोमुख लाइबरे भण्यो "बाज्यू ! बुवा भिक बिमार होइरयान् । तमलाई बोलउनाकी लायो हो या ।"

चेलीकी कुरणी सुणन्जाई पणाउन छाणिवरे रमाको हात समाइबरे मुरलीधरका घरतिर गया । श्रीधर खाटमाइ पल्टीवरे सियाका र्‍यान् । ददालाई धेकीबरे खुब कष्टसित उठीवरे अँखाभरी आँसु बनाइबरे ढोकदियो । भौबाका अँखामा आँसु अयाका थेकीबरे मुरलीधरकालै अँखाभरी आँसु भरिना । चार वर्षपछाको यो दुई ददावुदीको मिलचाल भउतै दुःख्ख लाग्गा धेकिनो ।

मुरलीधरको अँखाभरि आँसु भरिना धेकीबरे उनरा गोणा समाइबरे श्रीधरले रोयाकी भाषमाइ भण्यो; "ददा उइदिन बठेइ दम वणिरैछ । मुई आब भिक्कइ दिन बाँच्लो जसो नाईलाग्गो 'मुइले जिन्धगिमाई तमरा लेखा खुपै गट्टो गन्या । यई अज्ञानीका सपै अपराध माफगरी बरे इन गेदामेदा, चेलाचेलीलाई तमै सित रख्या ।

भौवाकी कुरणी सुणीवरे मुरलीधरले बरबर आँसु चुएइयो । मुरलीधर रोएको धेकीबरे श्रीधरकी घरवाली, चेलाचेलीलै रुन पस्या । थोक्काइवेरपछा मुरलीधरले भौवाका चानीमनि, छाती, हात गोणा सप्पै छाम्यो । उनरो शरीरको गति धेकीबरे मुरलीधरका हृदयमा दुःख्खको व्यार पड्या । थोक्कीवेरपछा छातिमाइ टोल मारीवरे आँसु चुएइवरे भण्यो "निका होइजन्या हो भुट्याट जन गर । बुवाले अफना जिन्धगिमाई खुप धर्म गरीराईछ । उनरा उइ ठूला तपस्याले हमरा अदिन कभैनाई औन्या हन् । आव याका वैद्दीको भर गरिबरे नाइ बस्सु पण्यो तोइलाइ देशतिर दवाइ गद्दु लैजानौं ।

इति भणिवरे बुदीको खानपिनको व्यवस्था गरिबरे थोक्की वेरपछा मुरलीधर अफना घरैतिर गया ।

× × ×

तै घटना भयाका छई-सात दिनपछा वुदीलाई लैजाइबरे दवाई गद्दु मुरलीधर देशतिर गया/हिट्या भणी सुणियो ।

# अध्याय पाँच

## अनुवाद गर्दा देखिएका समस्याको विश्लेषण

अनुवाद अध्ययन आफैँमा जटिल विषय हो । एक भाषाका पाठ्यसामग्रीहरूलाई अर्को भाषामा रूपान्तरण गर्ने सन्भर्दमा विभिन्न प्रकारका भाषिक-सांस्कृतिक समस्याहरू उत्पन्न हुन्छन् । एउटा भाषाको संरचना र भावलाई भाषान्तर दिँदा त्यसको निकट पुग्ने प्रयास मात्र हुन सक्छ ।

अनुवादको क्रममा स्रोतभाषा र लक्ष्य भाषाबिच बहुआयामिक तत्वहरूबिच अन्तर्क्रिया हुने भएकोले अनेक सङ्घर्ष गर्नु स्वाभाविक मानिन्छ । कतिपय अभिव्यक्तिको भाषान्तर हुन सक्दैन । खास सांस्कृतिक सन्दर्भहरूलाई भिन्न सांस्कृतिक सन्दर्भ भएको अर्को भाषामा अनुवाद गर्न सकिँदैन । विभिन्न परिवेशमा भएका अनुभूति र तत्सम्बन्धी विशिष्टतालाई भाषाविशेषमा जे, जति र जे जस्तो रूपमा व्यक्त भएका हुन्छन्, सोही रूपमा अर्को भाषामा व्यक्त गर्न कठिनाई हुन्छ ।

अनुवादका चुनौती क्षेत्रहरू अर्थग्रहणको समस्या, शाब्दिक तहको समस्या, अनूदित पाठको अर्थ सम्प्रेषणको समस्या, संरचनात्मक पुनर्विन्याससँगको समस्या, व्वयाकरणात्मक प्रयोग सम्बन्धित समस्या, शब्दचयन र प्रयोगगत थुप्रै समस्याहरू देखापर्दछन् ।

प्रस्तुत शोधकार्य अनुवादसँग सम्बन्धित भएकाले यसमा पनि थुप्रै यस्ता  समस्याहरू देखापरेका छन् । 'कर्तव्य' कथालाई वैतडेली भाषामा अनुवाद गर्दा विशेषतः शाब्दिक तहमा अथवा शब्दचयनमा नै समस्या देखिन्छ । नेपाली भाषामा रहेका केही त्यस्ता शब्दहरूलाई ठ्याक्कै वैतडेली भाषामा अनुवाद गर्न नसकिने खालका शब्दचयनगत समस्या देखापरेको पाइन्छ । त्यस्तै व्याकरणिक समस्या अर्थगत समस्या पनि रहेको छ । व्याकरणात्मक समस्याहरूमा पनि आदरगत समस्या, वचनसम्बन्धी समस्या, पुरुषगत समस्या रहेका छन् । हरेक भाषाको शब्दभण्डार, व्याकरण पक्ष फरक हुने भएकाले यस्व्तसो समस्या देखिनु स्वाभाविक हो ।

कथालाई बैतडेली भाषामा अनुवाद गर्दा वाक्यात्मक, शाब्दिक, व्याकरणात्मक तहमा देखिएको समस्याहरूलाई पहिचान गरेर निम्नानुसार विश्लेषण गरिएको छ ।

## ५.१ अनूदित पाठ्यांशमा देखिएका समस्याहरू

### ५.१.१ शाब्दिक तहको समस्या

स्रोत भाषाका सबै शब्दलाई लक्ष्य भाषामा उल्था गर्न नसकिनु नै शाब्दिक समस्या हो । कर्तव्य कथामा प्रयुक्त केही यस्ता शब्दहरू छन् जसलाई बैतडेली भाषामा अनुवाद गर्दा कस्तो शब्दको प्रयोग गर्ने भन्ने समस्या देखिएको छ । शब्द शब्द आपसमा सम्बन्धित भएर तिनको अर्थ छुट्याइन्छ ।

शाब्दिक चयन, शब्द चयनमा निम्नलिखित शब्दहरूलाई बैतडेली अनुवाद गर्दा शब्द नभेटिएको पाइन्छ ।

- विश्वास
- प्रसिद्ध
- लगालग
- विसर्जन
- जनक्रान्ति
- मानमर्यादा
- दुनियाँ ।

उल्लिखित शब्दहरूलाई बैतडेली भाषामा अनुवाद गर्दा ठ्याक्कै नमिलेकाले यस्ता शब्दहरूलाई कसरी अनुवाद गर्ने भन्ने समस्या यस तहमा रहेको देखिन्छ ।

### ५.१.२ अर्थगत समस्या

हरेक भाषाका शब्दले भिन्न भिन्न अर्थ दिन्छन् । कुनै एक भाषामा रहेको शब्दको अर्थले अर्को भाषामा छुट्टै अर्थ दिन्छ । स्रोत भाषामा रहेको शब्दलाई लक्ष्य भाषामा अनुवाद गर्दा अर्थ तहमा समस्या आएर अर्थको अनर्थ वा कुनै अर्को विषयवस्तु जनाउनको लागि प्रयोग हुन्छ । जस्तैः

"धोतीमाथि लामू लबदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, उनी सधैं यही परिधानमा हिँड्थे" (मैनाली, २०२० : अनु. ५) ।

धोतीमाथि लामू मेखला, मेखलामाथि सेतो पागणो मुन्डामाई मखमलको रातो टोपी । कानैनी चद्धर उन जबलै इसइ पैरनमा हिट्न्थ्या ।

उल्लिखित वाक्यमा नेपाली भाषामा रहेको 'काँध' शब्दलाई बैतडेली भाषामा अनुवाद गर्दा 'कान' (सुन्ने) भन्ने अर्थ लाग्छ । तसर्थ यस्ता शब्दको अर्थले भिन्नता ल्याएको हुनाले अर्थगत समस्या पनि देखिएको पाइन्छ ।

### ५.१.३ भाषिक विशिष्टटतागत समस्या

मूल भाषामा भएजस्तो समान शब्दावली राखेर अनुवाद गर्न गाह्रो हुन्छ । उखान, टुक्का, अनुकरणात्मक शब्दबाट व्यक्त हुने अर्थगत सन्दर्भ अर्को भाषामा समान अर्थमा पुनर्गठन गर्न गाह्रो हुन्छ । जस्तैः

पाङ न पुच्छरको उटपटाङ गफ (मैनाली, २०२० : अनु. २०) ।

यस्तो भनाई तथा उखान, टुक्कालाई जस्ताको तस्तै अनुवाद गर्न नमिल्ने भएकोले यहाँ समस्या देखिएको छ ।

## ५.२ अनुवादमा देखिएका व्याकरणिक कोटिगत समस्या

हरेक भाषामा आआफ्नै व्याकरणिक व्यवस्था हुने भएकाले एउटा भाषाको व्यवस्था अर्को भाषामा नमिल्ने हुनाले अनुवादमा समस्या देखापर्छ । नेपाली भाषा र बैतडेली भाषा बिचमा पनि समस्या रहेको पाइन्छ ।

### ५.२.१ पुरुषका आधारमा

नेपाली भाषामा तँ, तिमी, हजुर जस्ता द्वितीय पुरुषको प्रयोग भए पनि बैतडेली भाषमा तु, तम, द्वितीय पुरुषको प्रयोग भएको पाइन्छ । जस्तैः

(क) तिमीलाई देशतिर औषधि गराउन लैजान्छु (मैनाली, २०२० : अनु. ३९) ।

(ख) तोलाइ दवाइ गद्दु देशतिर लैजानऊ ।

### ५.२.२ आदरका आधारमा

आदर आफूभन्दा ठुला वा मान्य व्यक्तिलाई जनाइन्छ । आदर व्यक्ति बाहेक, सामाजिक, आर्थिक-धार्मिक, आदिका अनुसार पनि निर्धारण भएको पाइन्छ ।

नेपालीमा भाषामा तँ, तिमी, तपाई र हजुर आदरमा बैतडेली भाषिकामा तुँ, तम् हजुर प्रयोग भएको पाइन्छ । बैतडेली भाषामा पुरुषवाची अनादरमा तुँ तुइले प्रयोग भएको पाइन्छ भने नेपालीमा तँ, तिमीले अनादर र सामान्य मध्यम आदरलाई जनाउँछ ।

(क) मेरो दोसल्ला झिकिदेऊ (मैनाली, २०२० : अनु. २१) ।

(ख) मेरो दोसल्ला निकालीदे ।

### ५.२.३ वचनसम्बन्धी समस्या

नेपाली भाषा र बैतडेली भाषामा वचनका आधारमा पनि विभिन्नता रहेको पाइन्छ । नेपाली भाषामा बहुवचन जनाउँदा 'हरू' को प्रयोग हुन्छ भने बैतडेली भाषामा 'हरू' को प्रयोग भएको पाइँदैन । जस्तैः

(क) मानिसहरूको दुई मत भयो (मैनाली, २०२० : अनु. ९) ।

(ख) मान्सनको दुई मत भयो ।

त्यस्तै नेपाली भाषाको 'बाख्रो' लाई बैतडेलीमा 'बाकरो' र दुईभन्दा बढी भए 'बकरा' भन्ने गरेको पाइन्छ ।

### ५.२.४ वाच्यगत समस्या

क्रियाको विषय कर्ता, कर्म वा भावलाई जनाउने व्याकरणात्मक कोटि वाच्य हो । नेपाली भाषाबाट बैतडेली भाषामा अनुवाद गर्दा वाच्यगत समस्याहरू पनि देखिएका छन् । जस्तैः

पण्डितद्वारा काम गरियो ।          बामन बटाहै काम भयो ।

स्तरीय नेपाली भाषा र बैतडेली भाषामा प्रयोग हुने कर्मवाच्यका वाक्यहरूमा स्तरीय नेपाली भाषा द्वारा र बाट विभक्ति चिह्नको प्रयोग तथा क्रियापदमा 'इ' प्रत्यय प्रयोग भएको देखिन्छ भने बैतडेली भाषामा पनि बटाहै विभक्ति चिह्न र क्रियापदमा 'या' प्रत्यय जोड्नुपर्ने अवस्था देखिन्छ ।

भाववाच्यमा क्रियाको सम्बन्ध कर्ता र कर्मसँग नरही सोही क्रियाको भावसँग रहेको हुन्छ । यसमा भावअनुसार क्रियाको कार्यव्यापार हुन्छ ।

नेपाली भाषाका क्रियापदमा 'खाइयो', 'रोइयो', 'हासियो' र 'देखियो' लाई बैतडेली भाषामा क्रमशः खाए, रोए, हाँसे, क्रियापदको प्रयोग गरिएको पाइन्छ । नेपाली भाषा भाववाच्यमा 'इ' प्रत्ययको प्रयोग भएको पाइन्छ भने बैतडेली भाषिक भेदमा त्यस्तो अवस्था रहेको पाइँदैन ।

कर्तृवाच्यमा कर्ता प्रधान रहेको हुन्छ । कर्तृवाच्यमा सकर्मक र अकर्मक क्रियाको प्रयोग गरिन्छ । जस्तैः

(क) शशिधरले मुरलीधरलाई ढोगिदियो (मैनाली, २०२० : अनु. ३५) ।

(ख) शशिधरले मुरलीधरलाई ढोकदियो ।

## ५.३ निष्कर्ष

अनूदित पाठ्यांशमा व्याकरणिक कोटिगत, शब्दगत, अर्थगत, भाषिक विशिष्टतागत समस्याहरू रहेका छन् । स्रोत भाषाका केही शब्दलाई लक्ष्य भाषामा जस्ताको तस्तै अनुवाद गर्न नसकिने समस्या देखिएको छ । त्यस्तै बैतडेली भाषामा व्याकरणिक कोटिगत समस्या पनि रहेको छ । नेपाली भाषामा दुईभन्दा बढी वस्तुलाई जनाउन 'हरू' को प्रयोग पाइन्छ भने त्यसलाई बैतडेली भाषामा अनुवाद गर्दा 'हरू' को प्रयोग नभएको निष्कर्ष निकाल्न सकिन्छ । त्यस्तै भाषिक विशिष्टतागत वाक्यहरूलाई जस्ताको तस्तै अनुवाद गर्दा खेरी अर्थको अनर्थ लाग्ने समस्या देखिएको छ ।

# अध्याय छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

प्रस्तुत शोधकार्य गुरूप्रसाद मैनालीद्वारा रचना गरिएको 'कर्तव्य' कथाको बैतडेली भाषामा अनुवाद शीर्षकमा सम्पन्न गरिएको छ । यस कार्यलाई सम्पन्न गर्नका लागि पुस्तकालयीय कार्यद्वारा सम्पन्न गरिएको छ । कर्तव्य कथालाई बैतडेली भाषामा अनुवाद गरेर अनूदित पाठ्यांशलाई नेपाली भाषा र बैतडेली भाषाका मूल वक्ताहरूद्वारा रुजु गराएर उनीहरूले परीक्षण गरेको आधारमा सम्पादन गरेर अन्तिम रूप प्रदान गरिएको छ । उक्त पाठ्यांशलाई अनुवाद गर्दा तथा अनुवाद गर्ने क्रममा देखिएका समस्याहरूलाई विश्लेषण गरिएको छ । साथै कर्तव्य कथालाई बैतडेली भाषामा अनुवाद गरेर व्याख्यात्मक ढङ्गले विशेषण गरिएको छ ।

यस शोधकार्यको अध्याय एकमा शोधपरिचयअन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता तथा उपयोगिता, अध्ययनको सीमाङ्कन, अनुसन्धान विधि र प्रक्रिया जसअन्तर्गत सामग्री सङ्कलनका प्राथमिक र द्वितीयक स्रोतहरू, सामग्री सङ्कलन प्रक्रिया, सामग्री विश्लेषण र शोधपत्रको रूपरेखालाई समेटिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा, अनुवादको सैद्धान्तिक प्रारूप, वैतडेली भाषाको परिचय, भाषाशिक्षणमा अनुवादको स्थानको बारेमा उल्लेख गरिएको छ । अध्याय तिनमा कर्तव्य कथालाई अनुवाद सिद्धान्तका आधारमा बैतडेली भाषामा अनुवाद गरिएको छ । अध्याय चारमा अनूदित पाठ्यांशलाई नेपाली भाषा र बैतडेली भाषाका विज्ञहरूले परीक्षण गरेको आधारमा मुद्रण चिह्नहरूको प्रयोग गरेर सम्पादन गरेर अन्तिम रूप प्रदान गरिएको छ ।

अध्याय पाँचमा कर्तव्य कथालाई बैतडेली भाषामा अनुवाद गर्दा देखिएका भाषिक क्षेत्रका शाब्दिक तह, व्याकरणिक तह, अर्थगत समस्याहरूको विश्लेषण गरिएको छ । अनुवाद गर्दा विविध खाले समस्याहरू रहेका हुन्छन् । अध्याय छमा सारांश, निष्कर्ष र उपयोगिता राखिएको छ ।

## ६.२ निष्कर्ष

अनुवाद सिद्धान्तका आधारमा 'कर्तव्य' कथालाई बैतडेली भाषामा अनुवाद गरिएको छ । अनुवाद गर्दाखेरी उक्त कथामा प्रयुक्त नेपाली शब्दलाई बैतडेली अर्थ खोजेर त्यहीअनुरूप अनुवाद गरिएको छ ।

अनुवादपश्चात् अनूदित पाठ्यांशको सम्पादन गरिएको छ । अनूदित पाठ्यांशलाई नेपाली भाषा र बैतडेली भाषाका विज्ञहरूबाट आवश्यक सुझाव, सल्लाह र उनीहरूले परीक्षण गरेको आधारमा मुद्रण चिह्नको प्रयोग गरेर सम्पादन गरिएको छ ।

'कर्तव्य' कथालाई बैतडेली भाषामा अनुवाद गर्दा विभिन्न प्रकारका भाषिक तहमा समस्याहरू देखिएका छन् । अनुवादमा सांस्कृतिक, भौगोलिक पक्षका साथै शाब्दिक व्याकरणिक समस्याहरू पनि देखिन्छन् । नेपाली भाषामा तँ, तिमी, हजुर जस्ता द्वितीय पुरुषको प्रयोग भए पनि बैतडेली भाषामा तु, तम द्वितीय पुरुषको प्रयोग भएको पाइन्छ । शब्दचयनमा समस्या रहेको पाइन्छ । जस्तैः दुनियाँ, मानमर्यादा, विसर्जन, लगालग । बैतडेली भाषामा तु, तम, हजुर प्रयोग भएको पाइन्छ भने नेपालीमा तँ, तिमी, तपाई र हजुर पाइन्छ । बैतडेली भाषामा पुरुषवाची अनादरमा तुँ, तुइले प्रयोग भएको पाइन्छ । नेपाली भाषा र बैतडेली भाषामा वचनका आधारमा पनि विभिन्नता पाइन्छ । नेपालीमा बहुवचन जनाउँदा 'हरू' को प्रयोग पाइन्छन् भने बैतडेली भाषामा पाइँदैन । जस्तैः मानिसहरूको दुई मत भयो । मान्सनको दुई मत भयो । स्तरीय नेपाली भाषामा कर्मवाच्यका लागि, बाट, द्वारा प्रयोग हुन्छ भने बैतडेलीका बटाहै विभक्ति चिह्न र क्रियापदमा 'या' प्रत्यय जोड्नुपर्ने अवस्था देखिन्छ । नेपाली भाषामा भाववाच्यमा 'इ' प्रत्ययको प्रयोग छ भने बैतडेली भाषामा 'ए' को प्रत्ययको प्रयोग भएको पाइन्छ ।

## ६.३ सुझाव

१. नेपाली भाषामा जस्तै बैतडेली भाषामा पनि पत्रपत्रिका, रेडियोमार्फत् कार्यक्रमहरू सञ्चालन गर्न जरुरी देखिन्छ ।

२. स्तरीय मानक शब्दकोश र व्याकरणहरू निर्माण गर्नुपर्ने देखिन्छ ।

३. बैतडेली भाषाको उपभाषिकाहरूको खोजी गर्नुपर्ने देखिन्छ ।

४. बैतडेली भाषाको विकास खोज र अनुसन्धानबारे अध्ययन गर्न जरुरी छ ।

## ६.४ उपयोगिता

प्रस्तुत शोधकार्य 'कर्तव्य' कथाको बैतडेली भाषामा अनुवाद शीर्षकमा केन्द्रित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य नेपाली भाषामा रहेको कर्तव्य कथालाई बैतडेली भाषामा अनुवाद गर्नु र अनुवाद गरिएको पाठ्यांशलाई नेपाली भाषा र बैतडेली भाषाका वक्ताहरूको

आधारमा सम्पादन गरेर अन्तिम रूप प्रदान गर्नु रहेको छ । हरेक अध्ययन अनुसन्धानले आफ्नो क्षेत्रमा अन्य विषयलाई स्पष्ट पार्न त्यस विषयवस्तु भएका समस्या पहिचान गरेर समाधान गर्न तर्फ प्रेरित रहने भएकाले अध्ययन अनुसन्धानको उपयोगिता रहेको हुन्छ ।

'कर्तव्य' कथामा व्यक्त भाव विचारलाई बैतडेली भाषामा बुझ्न त्यस समुदायका विद्यार्थीहरू, अभिभावक र अन्य सरोकारवालाहरूलाई आफ्नो भाषामा लेख्न र बुझेको आधारमा आफ्नै शैलीमा भन्नमा सहयोग पुऱ्याउनेछ ।

स्थानीय स्तरमा निर्माण हुने शैक्षिक सामग्रीहरू, पाठ्यपुस्तक, बैतडेली भाषामा शब्दकोश निर्माण गर्ने कोश निर्माताहरूलाई समेत यस अध्ययनले सहयोग मिल्नेछ । यस कार्यले अनुवाद किन गर्ने र कसरी गर्ने भन्ने कुराको सैद्धान्तिक ज्ञान पनि दिन्छ । यस अनुसन्धानले अनूदित कृतिका माध्यमबाट सम्बन्धित भाषाको बारेमा जानकारी दिनुका साथै त्यही कृतिलाई आधार बनाई विद्यार्थीहरूमा भाषिक अभिव्यक्ति सबल बनाउन, शब्दभण्डार क्षमताको विकास गराउनमा समेत सहयोग मिलेको छ । कर्तव्य कथामा रहेका पात्रका व्यवहार क्रियाकलापहरूलाई बुझेर आफ्नो समुदायलाई सुसंस्कृत सभ्य, मेलमिलाप योग्य मनमुटाव रहित बनाउनुपर्छ भन्ने सन्देश पनि यस अध्ययनले दिन्छ ।

भाषाशिक्षणमा अनुवादको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अनुवादले तथा अनूदित कृतिले सम्बन्धित भाषाका विद्यार्थीहरूको बोध र अभिव्यक्ति क्षमताको विकास गर्न, बैतडेली भाषाका शब्दभण्डारको अभिवृद्धि गर्नमा सहयोग पुऱ्याउँछ । शिक्षणलाई सरल, सहज र बोधगम्य वनाउन सहयोग मिल्छ ।

अनुवादसम्बन्धी अध्ययन अनुसन्धान नभएकोले भावी दिनमा अनुवादसम्बन्धी अध्ययन गर्न चाहने शोधार्थीहरूलाई समेत यसले सहयोग पुऱ्याउनेछ । अनुवादको सैद्धान्तिक पक्ष प्रायोगिक पक्षका बारेमा जानकारी दिन, नेपाली भाषामा रहेको 'कर्तव्य' कथालाई सबै सामाजिक परिवेशमा चिनाउन, कृतिलाई सबल जीवन्त तुल्याउन समेत यस अनुसन्धानले सहयोग पुऱ्याउने छ ।

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, बलराम (२०७१), *अनुवाद सिद्धान्त र प्रयोग,* काठमाडौँ : त्रिपिटक प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६५), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

आचार्य, देविका (२०६९), 'कल्याणी धर्ती उपन्यासको अनुवाद सिद्धान्तका आधारमा वाक्यगठन प्रक्रियाको अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

ऐर, पदमसिंह (२०७२), 'बैतडेली भाषिका र नेपाली भाषाको पदसङ्गतिको व्यतिरेकी अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

गौतम, देवीप्रसाद र चौलागाई, प्रेमप्रसाद (२०७०), *भाषाविज्ञान,* काठमाडौँ : कञ्चन प्रिन्टिङ प्रेस ।

घिमिरे, कमल (२०७२), 'कर्तव्य कथाको समाजभाषिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

जोशी, चेतराज (२०७३), 'समर लभ उपन्यासमा व्यक्त सांस्कृतिक शब्दहरूको पहिचान र अनुवादमा देखिएको दूरी', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अङ्ग्रेजी शिक्षा विभाग, कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६२), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

न्यौपाने, लक्ष्मी (२०७१), 'नासो कथाको समाजभाषिक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

पोखरेल, केशवराज र काफ्ले, उमेश (२०७४), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : क्याम्ब्रिज पब्लिकेसन ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०४०), *नेपाली बृहत् शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका आयामहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७३), *भाषाविज्ञान,* काठमाडौँ : साझा प्रकाशन ।

भट्ट, गणेशदत्त (२०६१), 'बैतडेली भाषिका : एक अध्ययन', स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

भट्ट, हरिप्रसाद (२०७०), 'बैतडेली भाषिका र नेपाली भाषाका वाक्यात्मक कोटिहरूको व्यतिरेकी अध्ययन, स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभाग, कीर्तिपुर ।

भट्टराई, गोविन्दराज (२०७२), *अनुवाद अध्ययन परिचय* (अनु. बलराम अधिकारी), काठमाडौँ : रत्नपुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि, घिमिरे, तुलसीराम र नेपाल, शक्तिराज (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मैनाली, गुरुप्रसाद (२०७१), *नासो कथासङ्ग्रह,* काठमाडौँ : साझा प्रकाशन ।

लम्साल, रामचन्द्र, गौतम, वासुदेव र अधिकारी, गणेशराज (२०६५), *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।